## जीवन शर्मालाई ग्रेटर नेपाल सम्मान

काठमाडौं । यस वर्षको **ग्रेटर नेपाल साप्ताहिक**को सम्मान जनगायक **जीवन शर्मा**लाई प्रदान गरिने भएको छ । प्रगतिशील फाँटका चर्चित गायक शर्माले जनजागरण गीतहरु गाएर जनताको चेतना अभिवृद्धि गराउने काममा महत्वपूर्ण भूमिका निभाउँदै आएका छन् । सिंगो जीवन जनजागरण गीतसंगीतको प्रबर्द्धनमा खर्चिएका शर्माले नेपाली समाजको रुपान्तरणमा महत्वपूर्ण **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## राजाका पछाडि पनि थुप्रै

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहको ७२ औं शुभजन्मोत्सव आगामी २१ गतेदेखि सप्ताहभरी मनाउन भनेर पूर्व राजसभाका सदस्य यज्ञप्रसाद आचार्यको अध्यक्षतामा ३५७२ सदस्यीय शुभ जन्मोत्सव नागरिक मूल समारोह समिति गठन भएको समाचार बाहिर आएको छ । सप्ताहब्यापी कार्यक्रमलाई ब्यवस्थित रुपमा संचालन गर्न भनी ५१७ **बाँकी ८ पेजमा**

वर्ष ७ अंक १२, २०७५ साल असार २२ गते शुक्रबार, नेपाल संवत् ११३८ (July 6, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# "निर्देशित लोकतन्त्र" को अभ्यासमा सरकार

काठमाडौं । केपी ओली नेतृत्वको वर्तमान वाम सरकार सर्वत्र आलोचित बनिरहेको छ। सरकारका काम कारबाही र चल्ने शैलीले देशमा निर्देशित लोकतन्त्रको अभ्यास भइरहेको आभास दिइरहेको छ । वामपन्थी भनिएको सरकारलाई अन्य वामपन्थी शक्तिहरुले फासीवादी चरित्र बोकेको आरोप लगाइरहेका छन् । इतर समूह र विचारलाई सरकार जसरी बन्ध्याकरण गर्ने नीति लिएर अघि बढिरहेको छ, त्यसले निर्वाचित सर्वसत्तावादको खतरालाई बढाउँदै लगेको छ । लोकतन्त्रका लागि आफैं जेलनेल भोगेका प्रधानमन्त्री ओलीमा यति छिट्टै टर्कीका राष्ट्रपति एर्दोगानभैँ शक्तिशाली बन्ने महत्वाकांक्षा पलाउनु गणतन्त्र र लोकतन्त्रका लागि दुर्भाग्य बन्ने आशंकाले सर्वत्र घर गरेको छ ।

भारतीय नाकाबन्दीका अघि शीर्षासन नगरी 'चाइनाकार्ड' खेलेर अब्बल दर्जाका राष्ट्रवादी कहलिएका केपी ओली दुईतिहाई बहुमतका साथ प्रधानमन्त्री जति शक्तिशाली थिए ओली अहिले त्यही हैसियतमा छन् । प्रतिपक्षी दलहरुले चाहेर पनि उनको सत्ताको ढोकालाई ढकढक्याउन सक्दैनन् । उनी दुईतिहाईको आणविक शक्तिले सुसम्पन्न छन् । पाँच वर्षे उनको सत्ताकाल देश र जनताका लागि शुभ हुने संकेत भने विस्तारै देखिन छाडेको छ ।

गत स्थानीय, प्रादेशिक र संघीय संसद तीनवटै तहको निर्वाचनमा ओलीको राष्ट्रवादलाई जनताले मोहर लाइदिए । तत्कालीन माओवादी केन्द्रसँग संघीय संसद र प्रदेश सभा चुनावमा तालमेल गरेको तत्कालीन एमाले देशकै हात्ती पार्टीको रुपमा नेपाली राजनीतिमा देखापर्‍यो । माओवादी केन्द्र एमालेमा समाहित भएर बनेको नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष समेत हुन् प्रधानमन्त्री ओली ।

अर्का अध्यक्ष प्रचण्ड एर्दोगान जस्तै शक्तिशाली राष्ट्रपति बन्ने ख्वाब पालिरहेका छन् । शक्तिशाली निर्वाचित राष्ट्रपतीय प्रणालीको बहस उनले सुरु गरिसकेका छन् । तर उनले अहिले होइन पाँच वर्षपछि भनेर उठेका चासो र जिज्ञासालाई मत्थर पार्न खोजिरहेका छन् । संविधान संशोधन गर्ने दुईतिहाई बहुमत ओली सरकारसँग छ । निर्वाचित कार्यकारी राष्ट्रपति पक्षधरको दुईतिहाई बहुमतले वेस्ट मिनिस्टर प्रणालीको हिमायती प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस हतास मनस्थितिमा देखिएको छ र कम्युनिस्ट अधिनायकवादको सपनाले तर्सिरहेको छ । ओली सरकार निर्वाचित सर्वसत्तावादतर्फ उन्मुख भइरहेको भन्दै




कांग्रेस कोकोहोलो मच्चाइरहेको छ । संविधानमा कम्युनिस्ट अधिनायकवाद छिर्ने कुनै जस्केला छैनन् । दुईतिहाई बहुमतले संविधान संशोधन गरेर कम्युनिस्ट शासन लागू गर्ने हुती नेकपासँग छैन । यसो गर्दा विश्वबाट एक्लिने र कम्युनिस्ट सत्ता पेरिस कम्युनको आयुमा पनि नपुग्ने ओली र प्रचण्ड दुवैलाई राम्ररी थाहा छ ।

ओली सरकारका कामकारबाहीहरुलाई नियाल्नेहरु प्रधानमन्त्री ओली संवैधानिक मान्यता र मर्मको लक्ष्मणरेखालाई नाघ्न खोजिरहेका छन् भन्दैछन् । दुईतिहाई तागतको आडमा सरकारले मानव अधिकार एवं संविधान प्रदत्त जनाधिकार हनन गरिरहेको आरोप समेत प्रधानमन्त्रीलाई लाग्न थालेको छ ।

चिकित्सा सेवालाई जनस्तरको पहुँचमा पुर्‍याइनुपर्छ भन्दै जुम्लामा अनसन बसेका डा. गोविन्द केसीउपर सरकारले जुन रवैया अपनाइरहेको छ, त्यसले सरकारको निरंकुश शैलीलाई उजागर गरिरहेको छ। चिकित्सा शिक्षाको गुणस्तर वृद्धि गर्न स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न तथा क्षेत्रीय सन्तुलन कायम हुने गरी केदारभक्त माथेमाको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले दिएको सुझाव विपरीत सरकारले चिकित्सा शिक्षा अध्यादेश ल्याएपछि त्यसको विरोधमा डा. केसी १५ औं अनसनमा बसिरहेका छन् । सरकारले अध्यादेशका कडा प्रावधान हटाएर प्रतिस्थापन विधेयक संसद सचिवालयमा दर्ता गराएपछि केसीले त्यसलाई सच्याएर पुरानै स्वरुपमा पारित गर्नुपर्ने माग राखेका छन् । प्रमुख विपक्षी दल नेपाली कांग्रेसले समेत असहमति जनाएपछि सरकारले प्रतिस्थापन विधेयक फिर्ता लिएको छ । अनसनमा बसेका केसीको अवस्था भने नाजुक बन्दै गएको छ । उनलाई यतिबेला आईसियुमा राखिएको छ । यता सरकार भने फेरि प्रतिस्थापन विधेयक ल्याउने तयारीमा छ । डा. केसीको अनसनलाई सरकारका गृहमन्त्री रामबहादुर थापा बादलले अधिनायकवादी शैली भन्दै जहाँसुकै अनसन बस्न नपाइने संसदमा बताएका छन् । यसबाट थाहा हुन्छ सरकार स्वास्थ्य माफियाको चंगुलमा फसेको छ । के अनसन बस्न विरोध गर्न सरकारलाई सोध्नुपर्ने ? सरकारले तोकेको स्थानमा मात्रै विरोध र अनसन गर्नुपर्ने ? सरकारको यस्तो फासिवादी कार्यशैलीका विरोधमा कांग्रेस मात्र होइन, संसद बाहिरका वाम शक्तिहरु पनि सडकमा उत्रने तयारीमा छन् । डा. केसीले उठाएका मागहरुले स्वास्थ्य माफियाहरुको निदहराम भएको छ । स्वास्थ्य सेवालाई व्यापारको रुपमा लिएका स्वास्थ्य माफियाहरु आफूले खोलेका मापदण्ड नपुगेका अस्पतालले सम्बन्धन नपाउने डरले केसीविरुद्ध खनिएका छन् । विस्तारै जनमाहौल केसीका समर्थनमा तात्दै छ जसले सरकारलाई ढिलोचाँडो घुँडा टेकाएरै छोड्नेछ ।

गंगामाया अधिकारी आफ्ना छोरा कृष्णप्रसाद अधिकारीका हत्यारालाई कानुनी कारबाहीको माग गर्दै वीर अस्पतालको बेडमा **बाँकी ८ पेजमा**

## नारायणीमा भारतको बाँध

काठमाडौं । गण्डक नहरका कारण नेपाली भूमि डुबानमा परिरहेका बेला भारतले नारायणी नदीमा एकतर्फी बाँध निर्माण गरेको छ । यस बाँधले नेपाली भूमिलाई कटान र डुबानमा पारेको छ । सुस्ता गाउँपालिका नर्सहीस्थित नारायणी नदी ठोक्कर नं. १२ को पूर्वतर्फ नारायणी नदीपारि भारतीय भूमिमा हुने कटान रोक्न भारतले बाँध निर्माण गरेको हो । यो बाँध शक्तिकुमार कम्पनी पश्चिमी चम्पारण विहारले निर्माण गरेको हो । कम्पनीले भारततर्फको निर्माण कार्य सकेको छ ।

नारायणी नदीमा भारततर्फको गिटी, बालुवा र ढुंगा भारत सरकारले छुन दिँदैन भने- नारायणी नदीको नदीजन्य वस्तु निकासी गर्न कानुनी रुपमाा प्रतिबन्ध छ। यद्यपि नेपालतर्फको भूभागबाट क्रसर तथा ट्याक्टर व्यवसायीले दिनहुँ झिक्दा भारततर्फको नदीको सतह अग्लो बन्दै गएको छ। नेपालतर्फ नदीको सतह होचो हुँदा पानीको बहाव फर्किएको छ । भारतले आफ्नो तर्फको नदी किनारमा थुप्रिएको गिटी र बालुवालाई बचाउ गर्दै त्योभन्दा अघिल्लो भूभागबाट बाँध बाँध्दै अग्लो बनाएको छ ।

गण्डक नहरमा कुनै पनि निर्माणको काम गर्दा नेपाल भारत **बाँकी ८ पेजमा**

## इपीजी प्रतिवेदन कार्यान्वयन होला ?

काठमाडौं । नेपाल भारत प्रबुद्ध व्यक्ति समूह -इपीजी) ले लामो समयपछि साझा प्रतिवेदन तयार पारेको छ । दुवै देशबीच विगतमा भएका सहमति र सम्झौताको पुनरावलोकन गरी २१ औं शताब्दीको विकसित परिप्रेक्ष्य अनुसार दुवै देशका सरकारलाई सिफारिस गर्ने कार्यदेश यो समूहलाई रहेको छ । दुई देशबीच आपसी विश्वास, आर्थिक, सामाजिक, राजनीतिक लगायतका सम्बन्ध सुमधुर बनाउने उपाय पनि समूहले सिफारिस गरेको प्रबुद्ध समूह नेपालतर्फका संयोजक डा. भेषबहादुर थापाले एक टेलिभिजन अन्तर्वार्तामा बताएका छन् ।

शान्ति, मैत्री र हार्दिकता बढाउँदै सीमापार अपराध नियन्त्रणका उपाय सिफारिस गर्ने दायित्व यस पटक पूरा भएको उनको भनाइ छ । थापा भन्छन्- 'प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले कार्यान्वयन कसरी गर्छन् भन्ने विषय महत्वपूर्ण हो ।' **बाँकी ८ पेजमा**

## अरबौंको खाद्यान्न आयात

काठमाडौं । नेपाल कृषिप्रधान देश हो । यद्यपि कृषिको परनिर्भरता भने उच्च बिन्दुमा पुगेको छ । सरकारले देशको कृषि प्रणालीलाई आधुनिकीकरण गर्नेतर्फ ध्यान केन्द्रित नगर्दा कृषि उत्पादनमा वृद्धि हुन सकेको छैन । नेपाली किसानहरु अझै जनक राजाको पालाको हलो जोत्दैछन् । केही सम्पन्न किसानले मात्र खेत जोत्न, ट्याक्टरको प्रयोग गर्छन् । जोत्ने मात्र होइन धान गहुँ झार्ने र खेत रोप्ने आधुनिक मेसिन उपलब्ध छन् । तर तिनको प्रयोग गर्ने सामर्थ्य नेपाली किसानहरुले राख्दैनन् । नेपालीलाई प्रतिवर्ष ६० लाख मेट्रिक टन धानको आवश्यकता पर्छ । अहिले सरदर ५२ **बाँकी ८ पेजमा**

## देशैभर फैलँदै माले

काठमाडौं । संघीय संसदको निर्वाचनपछि संसदीय भूमिकाबाट बाहिर पुगेको नेकपा माले फेरि उठ्ने दृढ संकल्पका साथ संगठन विस्तारमा तीव्र गतिमा लागेको छ। केन्द्रीय प्रशिक्षणदेखि प्रदेश स्तरीय प्रशिक्षण पूरा गर्दै प्रशिक्षक प्रशिक्षण कार्यक्रम समेत सम्पन्न गरेर मालेले संगठन विस्तारका लागि मार्क्सवादी शिक्षा फैल्याउने प्रशिक्षकहरु उत्पादन गरेको छ । मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ विचारधारा र नेपाल चिन्तनलाई प्रमुख सैद्धान्तिक औजारका रुपमा ग्रहण गरेको मालेले अब जिल्ला र स्थानीय तहसम्म संगठन विस्तारको तयारी गरेको छ ।



यसै सन्दर्भमा नेकपा मालेको केन्द्रीय कमिटीको नवौं पूर्ण बैठक असार १४ देखि १६ सम्म तीन दिन पार्टी केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ । पार्टीका महासचिव सीपी मैनालीले बैठकको आरम्भ गर्दै कार्यसूचीहरु अनुमोदनका लागि प्रस्तुत गरेपछि बैठकले निर्धारित कार्यसूचीका बुँदाहरुमा गम्भीर छलफल गरेको छ । बैठकको आरम्भमा महासचिव मैनालीले सबै राजनीतिक मुद्दा सकिए भनेर भ्रम फैल्याउने काममा सत्तासीन नेकपामा नेताहरु लागिरहेकाले त्यो भ्रमको खेती मात्र भएको बताउनुभयो। मैनालीले दुईतिहाई नजिक बहुमत प्राप्त गरे पनि नेपाल कम्युनिस्ट पार्टी दिशाविहीन बनेको र गलत ढंगको सैद्धान्तिक विश्लेषण गर्दै नेपालको कम्युनिस्ट आन्दोलनलाई नै विकृत पारिरहेको भन्नुभयो । नेकपाले २०६३ साल वैशाख ११ गते सम्पन्न तेस्रो राजनीतिक क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न संविधानसभाद्वारा गणतन्त्र नेपालको संविधान जारी गरिएपश्चात नेपाली क्रान्ति शान्तिपूर्ण समाजवादी रुपान्तरणको चरणमा पुगेको छ भनी गलत मूल्यांकन गरेको छ । जबकि नेपाली समाज भारतीय विस्तारवाद तथा पश्चिमा (विशेषत अमेरिकी) साम्राज्यवादबाट पीडित अर्ध तथा नव औपनिवेशिक अर्धसामन्ती समाज नै रहेको छ र नेपाली क्रान्ति नयाँ जनवादी क्रान्तिको उपचरणमा नै रहेको निष्कर्ष मालेको रहेको मैनालीले बताउनुभयो । उहाँले एमाले, माओवादी गठजोरबाट बनेको नेकपाले समाजवाद उन्मुख समाज निर्माणको नाममा नव उदारवादी पुँजीवादको अनुशरण गरिरहेकाले संविधानमा उल्लेख भएको समाजवाद उन्मुख भन्ने समाजवादको लक्ष्य वैज्ञानिक वा सर्वहारा वर्गीय समाजवाद हुन सक्दैन । त्यसैले नेकपाले अपनाएको सिद्धान्त र व्यवहारले ऊ मार्क्सवादी **बाँकी ८ पेजमा**

**समय–सन्दर्भ**

## आउँदैन समृद्धि रेल चढेर

### घनश्याम ओली

युद्धको समय थियो, फ्रान्सका सम्राट नेपोलियन पालमा मस्त सुतिरहेका थिए । यो आधा रातको समय थियो । तब अचानक अंगरक्षकले उठाउँदै भने- महाराज सेनापति तपाईंसँग अहिल्यै भेट गर्न चाहन्छन् । नेपोलियनले कोल्टे फेर्दै भने- 'सोध के कुरा हो' । दक्षिणतिरबाट शत्रुले हमला गरे । सेनापति अब के गर्ने भन्ने थाहा पाउन चाहन्छन् ।' नेपोलियन यो भयानक खबर सुनेर अलिकति पनि विचलित भएनन् । उनले सेनापतिलाई नबोलाई अंगरक्षकलाई भने- 'कुनाको बक्सामा ३४ नम्बरको एउटा नक्सा राखिएको छ । त्यो सेनापतिलाई देऊ र भन्नु उनी बिहान आएर मलाई युद्धको समाचार दिउन् ।'

त्यो नक्सामा दक्षिणतिरका सेनाले आक्रमण गरे भने जवाफी कारबाही कसरी गर्ने भन्ने देखाइएको थियो । त्यही अनुसारको युद्ध भयो र नेपोलियनको सेना विजयी भए । भोलिपल्ट सेनापतिले जितको सूचना दिँदै सोधे- 'यति छिट्टै कसरी योजना बनाउनुभयो ? के कुनै देवताले तपाईंको मद्दत गर्छन् ? नेपोलियनले जवाफ दिए- हो, विचार र दूरदर्शिता नामक दुई देवता सधैं मेरो साथ रहन्छन् । उनैले भविष्यको सम्भावनाप्रति मानिसले पहिलेदेखि नै जागृत र सावधान हुनुपर्छ भनेर सिकाए ।

समृद्ध नेपाल, सुखी नेपालीको लोकप्रिय नारा दिएका प्रधानमन्त्री केपी ओलीमा भने विचार र दूरदर्शिता दुवैको खडेरी देखिँदैछ । पानीजहाज र रेलमा चढेर समृद्धि आउँदैन । भारतसँगको परनिर्भरता कम गर्ने अभिप्रायले राजा महेन्द्रले चीनसँग जोड्ने कोदारी राजमार्ग निर्माण गर्न लगाए । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुलाई चिन्ता पर्‍यो । उनले भनेछन्- अब नेपालमा चीनबाट साम्यवाद भित्रिने भयो । राजा महेन्द्रले व्यंग्यात्मक शैलीमा नेहरुलाई कटाक्ष गरे- साम्यवाद मोटरमा चढेर आउँदैन । राजा महेन्द्रले ठीक भनेका थिए- साँच्ची नै साम्यवाद त नेपाली जनताले लडेर **बाँकी ८ पेजमा**

## हार्दिक निमन्त्रणा

यस **ग्रेटर नेपाल साप्ताहिक**को
छैठौं वार्षिकोत्सव
यही असार ३० गते शनिबार दिनको १ बजे
नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ ।
राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा
उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने
यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता,
शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।
*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बाढीको कहर

यस वर्षको मनसुनको सक्रियता बढेसँगै मुलुकभर भएको अविरल वर्षाले बाढी पहिरोको प्रकोप निम्त्याएको छ । बाढीपहिरोका कारण १२ जनाको ज्यान गएको छ भने तराई मधेस क्षेत्रका विभिन्न ठाउँ डुबानमा परेका छन् । पहिरोले राजमार्गहरूमा आवागमन रोकिएर गम्भीर समस्या सिर्जना भएको छ । तराईका एयरपोर्टहरू जलमग्न भएका कारण हवाई उडानमा समेत अवरोध उत्पन्न भएको छ । वीरगन्ज, नेपालगन्ज जस्ता प्रमुख सहरहरू डुबानमा परेका छन् । नदीछेउका उब्जाउ भूमिहरू कटानमा परेका छन् । बाढीको प्रकोपले हजारौंलाई पीडित बनाएको छ ।

हाम्रो मुलुक प्रत्येक वर्ष बाढीपहिरोको सन्त्रासमा पर्ने गरेको छ । पहाडी भूभागमा भइरहेका बाटो, घाटो निर्माणले पनि पहिरो निम्त्याउने गरेको छ । बिनायोजना र प्राविधिक ज्ञानको अभावमा पहाडतिर डोजर, स्काभेटर प्रयोग गरी बाटो बनाउने तीव्र प्रतिस्पर्धा चलेको छ । कहिल्यै सवारी साधन नगुड्ने ठाउँमा पनि वनजंगल, खेतबारी मासेर बाटो खोल्ने काम भइरहेको छ । अहिले स्थानीय तहको निर्वाचनपछि गाउँमा सोझै गएको बजेटको प्राथमिकताको क्षेत्र समेत बाटो खोल्नेमै परेको छ । बाटो बनाउनु राम्रो कुरा भए तापनि कमजोर भूबनावट भएका पहाडी क्षेत्रमा धेरै वटा बाटो खोल्नु अत्यन्तै जोखिमपूर्ण मानिन्छ । वर्षा याममा व्यवस्थित नालाको अभावमा यसरी खोलेका बाटोहरूमा पानीको ठूलो भल बग्ने र त्यसले गम्भीर प्रकृतिको भूक्षय निम्त्याउने गरेको छ ।

तराई क्षेत्रमा बाढीको मूल कारकका रूपमा चुरे क्षेत्रको विनाश र नदीजन्य पदार्थहरूको चर्को दोहनलाई लिने गरिएको छ । यसैगरी भारतले सीमा क्षेत्रमा निर्माण गरेका बाँध र राजमार्गका कारण पानीको प्राकृतिक निकासमा अवरोध उत्पन्न भएका कारण सीमावर्ती नेपाली भूभागहरू डुबानमा पर्ने गरेका छन् । चुरे क्षेत्रमा भएको वनजंगलको विनाशका कारण पहाडदेखि उर्लेर आएका खोलाले चुरेको कमजोर माटो, बालुवा, ढुंगा बनाएर तराईका खोलानाला पुरिने र पानीको सतह माथि उठ्नाले गाउँ बस्तीतर्फ बाढी छिर्ने गर्छ । त्यसैगरी खोलानाला बग्ने साविकको भूभाग समेत मानवीय अतिक्रमणमा परेकाले त्यस्ता अतिक्रमित ठाउँहरूमा बाढीको प्रभाव बढ्ता पर्ने गरेको छ । बाढीपहिरोको प्रकोप सधैं दोहोरिने गरेको भए तापनि वर्षायाम अगाडि नै सम्भावित खतरा रोक्ने र क्षति न्यूनीकरण गराउनेतर्फ सरकार गम्भीर बन्न सकेको छैन । जल उत्पन्न प्रकोप नियन्त्रण गर्न तत्कालीन र दीर्घकालीन नीति निर्माण गर्न आवश्यक छ । बाढी पस्ने सम्भावित ठाउँहरूमा बलियो ढंगले बाँध बाँध्ने, खोला किनारका बस्तीहरूलाई सुरक्षित ठाउँमा राख्ने, मौसमको पूर्वअनुमान गरेर बाढी पहिरोको सूचना दिएर सचेत गराउने जस्ता अल्पकालीन बाढी नियन्त्रणका उपायहरू अपनाउनुपर्छ । दीर्घकालीन उपायमा वृक्षरोपण, हरियाली प्रबर्द्धन, योजनाबद्ध ढंगले बाटाघाटा निर्माण, चुरे क्षेत्रको संरक्षण, तराईका छाडा ढंगले बग्ने नदीहरूमा बाँध निर्माण गरेर नियन्त्रण, भारतले एकतर्फी ढंगले दशगजा क्षेत्रमा बनाएका बाँध, बाटाहरू हटाउने जस्ता कार्य गर्न आवश्यक छ । तराईको हजारौं बिघा उर्वर भूमि वर्षायाममा उर्लेर आउने बाढीले मरूभूमिकरण गरिरहेकाले बलियो बाँध बाँधेर जमिन व्यवस्थापन गर्न आवश्यक छ । नदी किनारमा बाँसलगायतका बिरूवा र अन्य जातका वृक्षरोपण गरेको खण्डमा पनि बाढी नियन्त्रणमा उपयोगी बन्न सक्छ । बाढी पहिरोको कारण बर्सेनि हुने ठूलो धनजनको क्षति रोक्नेतर्फ सरकार गम्भीर ढंगले लाग्नैपर्ने हुन्छ ।

# अब Basic Federation



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

सबै अर्थमा कुनै पनि राजनीतिक, आर्थिक वा अन्य कुनै प्रणाली होस् त्यो साधनमात्र हो र साध्य भनेको सामाजिक सुरक्षाको ग्यारेन्टी र समृद्धि नै हो । अहिलेकै विश्वमा हेर्ने हो भने जापान, इटली, फ्रान्समा एकात्मक संसार छ जस्को सफल कार्यान्वयनको कारण उनीहरु जी सेभेन (ठूला सात) भित्र पर्छन् । अर्कोतर्फ संघियता भन्ने देशहरु अमेरिका, बेलायत, क्यानडा अनि जर्मनी छन् । उनीहरुले संघियताको माध्यमबाट समृद्धि हासिल गरेका छन् । उनीहरु जी सेभेन (ठूला सात) भित्र पर्छन् । संघियताभित्र पनि बेग्लै राष्ट्र बनाउन पाउने अधिकार क्यानडा र बेलायतमा छ । त्यसकारण उनीहरुलाई पूर्ण संघियता भनिन्छ (Full Federation) भनिन्छ । यसै अन्तर्गत गत साल बेलायतबाट स्कटलैण्ड स्वतन्त्र हुन खोज्दा त्यहाँ जनमत संग्रह भयो तर छुट्टिने भन्नेहरुको बहुमत नआएको हुँदा स्कटलैण्ड संयुक्त अधिराज्यभित्रै बस्यो । त्यस्तै जनमत संग्रह केही वर्ष अगाडि क्यानडाको फ्रेन्च भाषा बोल्ने राज्य क्युवेकमा पनि भएको थियो । त्यहाँ पनि क्युवेकलाई छुट्टै राष्ट्र बनाउन चाहनेको हार हुँदा क्यानडा टुक्रिनबाट जोगियो । त्यसैगरी जर्मनी र स्वीटजरलैण्डको संघीय संविधानले राज्यलाई स्वतन्त्रताको अधिकार दिएको छैन तर त्यहाँ केन्द्रको प्रतिनिधि भनेर गभर्नर (प्रदेश प्रमुख) राखिँदैन । राज्यको निर्वाचित मुख्यमन्त्री नै आफ्नो राज्यमा केन्द्रको प्रतिनिधि मानिन्छन् । त्यसकारण यसलाई पूर्ण संघियता नभनी अर्ध संघीयता (Semi Federation) भनिन्छ । अर्कोतर्फ भारत र नेपाल भएको संघीयता मात्राको किसिमबाट एक चौथाइ संघीयता मात्र हो जहाँ केन्द्र याने राष्ट्रपतिको प्रतिनिधिस्वरुप राज्य वा प्रदेशमा गर्भनर रहन्छ । उसको स्थान निर्वाचित मुख्य मन्त्रीभन्दा माथि हुन्छ । त्यहाँको दल वा सरकारले स्वतन्त्रताको नाममा देश टुक्राउने र सुशासनको नाममा भ्रष्टाचार गरेको पाइएमा त्यस राज्य वा प्रदेशको सरकारलाई निलम्वन गरी राष्ट्रपति शासन लगाउन मिल्दछ । तर जे सुकै चाहे एकात्मक राज्य प्रणाली वा संघीय राज्य प्रणाली यी भनेका साधन मात्रै हुन् साध्य होइन । नेपालमा पनि २००७ सालदेखि कहिले राजाको प्रत्यक्ष शासन, कहिले अप्रत्यक्ष शासन, कहिले निरंकुश शासन अनि कहिले संवैधानिक राजतन्त्रामक शासन अनि अन्त्यमा सघीय गणतन्त्रात्मक शासन आएको अवस्था छ ।

बहुदलीय प्रजातन्त्रले देश टुक्राउने भयो भन्दै २०१७ सालमा राजा महेन्द्रले वेष्ट मिनिस्टर ढाँचाको संसदीय ब्यवस्था अन्त्य गरी Basic Democracy भन्दै निर्दलीय पंचायती व्यवस्था शुरु गरे । निर्दलले विकास गरेन भनेर जनता कुर्लंदा २०३६ सालमा राजा वीरेन्द्रले जनमत संग्रह गराए । फलस्वरुप सुधारिएको पंचायतले जित्यो, त्यो व्यवस्था १० वर्ष टिक्यो, त्यसबाट पनि विकास भएन, समृद्धि आएन भनेर जनता आन्दोलित हुँदा राजाले २०४६ सालमा पुनः बहुदलीय व्यवस्था दिए । त्यो बहुदलीय व्यवस्थाले न भ्रष्टाचार निमूर्ल गर्न सक्यो न समृद्धि नै ल्याउन सक्यो । अनि एक थरी संसदीय ब्यवस्थाबाट समृद्धि आउँदैन भन्दै जनगणतन्त्र स्थापना गर्ने भन्दै जनयुद्धतर्फ लागे । १२ वर्ष चलेको जनयुद्धले खरबौंको विकासको संरचना र २० औं हजारको ज्यान लिएपछि शस्त्रबाट नेपालमा जनगणतन्त्र नआउने रहेछ भन्दै संघीय संसदीय गणतान्त्रिक ब्यवस्थामा उनीहरु फर्केर आए । संघीयता सँगसँगै नेपालको इतिहासमा कहिले नआएको विखण्डनको आवाजहरु एकातर्फ गुन्जन सुरु भए भने अर्कोतर्फ सिंहदरबारको अधिकार वडामा आइपुग्दा सिंहदरबारको सुविधा भोगी प्रवृत्ति र त्यससँग जोडिएको भ्रष्टाचार पनि वडासम्म आइपुगेको छ । हिजो जन्म मृत्यु दर्ता र नागरिकता लिंदा निशुल्क वा न्यूनशुल्कमा हुन्थ्यो भने अब त्यसको लागि जनताले शुल्कमात्रै होइन, स्थानीय स्तरमा नै घूस खुवाउनुपर्ने अवस्था आएको छ । कर र शुल्कको दर र दायरा बेस्सरी बढेको छ जुन विकास र समृद्धिको लागि नभै प्रदेशदेखि वडासम्म निर्वाचित जनप्रतिनिधिहरुको तलव, सेवा र सुविधामा खर्च गर्न पर्नुले संघीयता पहिलो गासमै जनताको लागि ढुंगा हुन पुगेको छ । यही पाराले अघि बढ्ने हो भने एकातर्फ देश विखण्डन हुने र अर्कोतर्फ भ्रष्टाचार राज्यसंयन्त्रको जरैसम्म संस्थागत भई देश असफल राष्ट्र बन्नेतर्फ डोरिएको छ । यसबाट बचाउन अब नेपालको संघीयतालाई आर्थिक रुपबाट मितब्ययी र राजनीतिक रुपबाट अखण्डित बनाउनेतर्फ सोच्नु जरुरी भइसकेको छ । त्यस्को लागि निम्नकार्यहरु तुरुन्त गर्नु जरुरी छ :

१) हालको संघ, प्रदेश र स्थानीय स्तर गरी भएको तीन तहको ब्यवस्थालाई संसोधन गरी संघ, जिल्ला वा नगरपालिका र वडा गरी तीन तह गर्नुपर्दछ । यसो गर्दा प्रदेशको संरचना र हालको गाउपालिकाको संरचना खारेज हुन पर्दछ । हालका सबै गाउँपालिकाहरुलाई जिल्ला कार्यपालिकाको वडामा परिणत गरी स्थानीयस्तरमा जिल्ला कार्यपालिका र नगर पालिका मात्रै कायम गर्नुपर्दछ । जनतालाई घरदैलौमा नै राज्यबाट दिने सुविधाहरु जिल्ला र नगर कार्यपालिकाका वडाबाट दिने ब्यवस्था गर्दा अहिलेको भन्दा धेरै थोरै खर्चमा संघीयता चल्दछ ।

२) मुख्यमन्त्री सहितको प्रदेशको संरचना खारेज भएपछि जिल्ला कार्यपालिका र नगरपालिकाको सोझो सम्बन्ध समानान्तर स्तरमा केन्द्रसँग जोडिन्छ । यस्तो प्रणालीलाई Basic Federation भनिन्छ । जिल्ला कार्यपालिका र नगरपालिकाहरु आकारमा हालको प्रदेशको भन्दा ज्यादै सानो हुने हुँदा विखण्डनको खतराबाट देशले सदाको लागि मुक्ति पाउँछ भने जाति जनजातिको आधारमा जिल्ला वा नगरपालिकालाई पहिचान दिन पनि मिल्दछ र उनीहरुको भाषा र संस्कृतिको जगेर्ना पनि हुन पुग्दछ ।

३) यसरी बन्ने Basic Federation अन्तर्गत स्थानीय स्तरलाई नै राज्यले दिने सेवा (जन्म, मृत्यु, वैवाहिक सम्बन्ध कायम र विच्छेद दर्ता, लाइसेन्स, नागरिकता प्राप्ति र खारेजी, राहदानी प्राप्ति र खारेजी, सबै किसिमका कर र शुल्क संकलन, वृद्ध बालक र असहाय भत्ता वितरण) र अत्यावश्यक सेवा जस्तो शिक्षा स्वास्थ्य, यातायात संचार, खानेपानी ढल निकास, लघु उद्योग व्यवसाय अनि सामाजिक र खाद्यसुरक्षाको जिम्मा दिन मिल्दछ भने संघीय स्तरमा भने संघीय यातायात (हवाइमार्ग राजमार्ग र रेल), वित्त, उर्जा, आयात निर्यात, गृह, परराष्ट, रक्षा, विज्ञान र प्रविधि, उद्योग, वन वातावरण सम्बन्धी काम मात्रै पर्दछन ।

४) हालको संघीयता Basic Federation मा परिणत भई प्रदेशको अस्तित्व नरहने भएपछि न एकात्मक र न संघियता दुवैको पक्ष र विपक्ष बीचको हालको राजनीतिक विवादले पनि निकासा पाई देशमा एकता संस्थागत हुन पुग्छ र सम्पूर्ण तह विकास र समृद्धिको लक्षमात्र केन्द्रित हुन पुगी देशले विकासको छलांग मार्न सक्तछ ।

# ग्रेटर नेपाल सम्बन्धित नेपाली अधिकारीहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

असल कामलाई गीतामा कर्म या धर्म भनिन्छ । असल काम अति थोरै नै भए पनि ठूलो आपतबाट रक्षा गर्ने क्षमता राख्छ भनेझैँ वर्तमान कालको नेपाली राजनीतिमा चित्त नबुझे पनि आफ्ना सहकर्मी तयार गर्नुमै न्युरो उपचार सर्जनिस्ट उपेन्द्र देवकोटाले समय दिनुभयो । आफ्नै मुख्य विषय केन्द्रित हुनुभयो । किनभने उहाँलाई गीतामा अगाध श्रद्धा र काम जोख्ने बुद्धि थियो ।

देश धर्म अति ठूलो विषय हो भनी नेपालीहरुले युगयुगमा प्रमाणित काम गरेका छन् र दुःखैसँग भए पनि नेपालमाथि पशुपतिनाथको कृपा भएको हो ।

(१) इ.सं. १८१५ भन्दा अघिदेखि नेपाललाई सहयोग गर्ने सम्झौताबद्ध भए पनि कहिले कसो चीनले हाम्रो सहयोग गर्न चुक्दा धेरै समय दुःखमा बस्नु पर्‍यो । व्यावहारिक परम्पराले मित्र चीन परस्परमा सुख दुःखको साथी हो ।

(२) वर्तमान कालमा प्रभाव पार्ने गरी १९०३ वि.सं.मा सत्ताको शक्तिमा आउने श्री ३ जंगबहादुर द्वितीय स्थानमा आउँछन् ।

(३) कुनै कुरामा सफल कुनैमा असफल ग्रेटर नेपालका प्रसंगमा आएका श्री ३ जुद्धशमशेर तेस्रो नम्बरमा आउँछन् ।

(४) यसैको पछिल्ला पटक सत्ता सम्हाल्ने रुन्चे राजा श्री ३ पद्मशमशेर हुन् ।

(५) यिनीभन्दा पछिल्ला पटक सत्तामा आएर २००७ वि.सं.मा श्री ५ त्रिभुवनलाई सत्ता फिर्ता दिने श्री ३ मोहनशमशेर हुन् ।

(६) इ.सं. १८१५-१६ को नेपाल अंग्रेज युद्धपछि जमिनसँगै उता परेका भारतीय नेपालीहरुको इ.सं. १९४७ स्मरण यहींनेर गरौं ।

(७) श्री ५ महेन्द्र श्री ५ वीरेन्द्र आफ्ना अत्युत्तम कामले ग्रेटर नेपाल सम्बन्धित नै छन् र थोरै सांकेतिक कामले प्रम कृष्णप्रसाद प्रम मनमोहन र आफ्ना बोली व्यवहारले परराष्ट्र मन्त्री कमल थापा पनि ग्रेटर नेपाल सम्बन्धित नै छन् ।

(८) आफैंसँग भएको सत्ता श्रीपेच राख्न दिने जनताले भनेमा गर्छु भनी ग्रेटर नेपालमा वचनबद्ध हुने र संविधानसभा गर भन्ने श्री ५ ज्ञानेन्द्र वर्तमान पूर्वराजा हुन् ।

(९) पहिलो पटक भारत नेपाल प्रबुद्ध समूह आफ्नो पहिलो प्रधानमन्त्रित्वमा गठन गराएर त्यो दुई वर्ष कार्यकाल समाप्त हुँदा पुनः प्रधानमन्त्री भएका केपी ओली वर्तमान प्रधानमन्त्री ।

**१. मित्रराष्ट्र चीन** : विवेकशील शास्त्रीय कसीमा नेपाल आफैंभन्दा दोस्रो चीन हुँदाहुँदै पनि अहिले चीनले अमेरिका सम्बन्ध गरेझैँ २०७४ भदौ १६ को यही स्तम्भ लेखमा परस्परताको आधारमा हेनरी किसिंजर सम्झिएका हुन् । चीनले साधिकार आफ्ना सैनिक राखेकैले तिब्बत सदैव चीनकै भन्यौ तर लिपुलेक पूर्ण रुपमा नेपालै हो । २०१३ वि.सं. आदिमा पनि श्री ५ महेन्द्र नै ठीक हुन् । हाम्रा प्रधानमन्त्री टंकप्रसाद चीनबाटै झुक्किए । लुकेर चीन पुग्ने नेपाली पूर्वमन्त्री खगेन्द्रजंग गुरुङ २०२८ मा भारत किन गए ? आदि ।

**२. श्री ३ जंगबहादुर** : कोतपर्व हुनुअघि जंगबहादुरले पञ्जा छापबाट शक्ति पाए । त्यो शक्ति श्री ३ मोहनशमशेरले २००७ वि.स.मा श्री ५ त्रिभुवनलाई फिर्ता बुझाए । अंग्रेज भारतबाट नजाँदैमा सम्झौता गरेरै आफ्नो गुमेको मुलुक ४ जिल्ला फिर्ता लिँदा कोतपर्वको पाप नेपालीले जंगबहादुरलाई पखालिदिए । तर भाइभाइमा रोल क्रमले प्रधानमन्त्री हुने नियम बसाउने जंगबहादुर नै राणा शासन ढाल्ने कसुर गर्ने भए । २००७ पछि यिनै राणाको सम्पत्तिसहित विदेश जान दिँदा अझैसम्म नेपाली कांग्रेस र श्री ५ त्रिभुवन दोषमै छन् ।

३. **श्री ३ जुद्धशमशेर** : अंग्रेज भारतबाट नजाँदै हाल बंगलादेशको चट गाउँसम्म माग भनी २ पटक अंग्रेजले भन्दा मानेनन् भनी टीका धमला आदिले लेखेको हुँदा यी पनि ग्रेटर नेपाल सम्बन्धितै भए । १९९० को भूकम्पको उद्धार राम्रो कामको जस र टंकप्रसादका दलका ४ सहिद मारेका अपजस पनि यिनकै थाप्लामा छ ।

४. **श्री ३ पद्मशमशेर** : अहिले भारतभरका गोर्खा हुँ भन्ने र नेपाली एउटै हुन् भन्ने प्रमाण १९४७ मा त्रिपक्षीय सन्धि गरेरै गोर्खा फौज अंग्रेज तथा भारतलाई बाँडिदिए । श्रीमतीको सम्झनामा पुष्पप्रसाद लुइँटेल आदिले लेखेको पुस्तकमा गान्धी आश्रममा बसेका तुलसीमेहर पाटनका नेपालीलाई गुमेको नेपाल महात्मा गान्धीसँगै माग्न पठाएको कुरा उल्लेख हुँदा ग्रेटर नेपाल सम्बन्धित नै भए । काठमाडौंमा २००४ मै गान्धी स्मारक गुठीलाई घरेलु घरसमेत बनाइदिएका छन् ।

५. **श्री ३ मोहनशमशेर** : श्री ३ जंगबहादुरले पाएको पञ्जापत्रको अधिकार प्राप्त श्री ३ मोहनशमशेरले भारतस्थित नेपाली राजदूतका सल्लाहमा १९५० को सन्धिको खेस्रा बगलीमा राखी काठमाडौंमा आई भारदारी गरी भारतीय राजदूतको समेत मञ्जुर गराउँदा देश जोगाई आएँ भनेको गोरखापत्रले पनि छाप्यो । त्यो हस्ताक्षर काठमाडौंमा २००७ साउन १० को हो ।

त्यस्तै गोप्य प्रयासमा ३ महिनामा बेलायतसँग त्यस्तै १९५० को सनिध कात्तिक १४ मा भएपछि त्यसको सातै दिनमा श्री ५ त्रिभुवन भागेर भारत गए । अनौठो त के भयो भने यता विजयशमशेरले काठमाडौंमा दोसल्ला ओढे । उता २००९ मा दिल्लीमै विजयशमशेर मारिए । सहिद मरण पाए । यता मोहनशमशेर छँदाखादाको प्रधानमन्त्री समेत छोडी भारतमा बसाइ सरी पछिबाट मर्दा पूर्वप्रधानमन्त्री जत्ति पनि भएनन् ।

**६. भारतबासी नेपालीहरू** : जमिनसँगै भारतमा इ.सं. १८१४-१६ पछि परेका नेपाली गोर्खाहरु भारतभरी बस्नु त ठीकै हो उनीहरुले १०० वर्ष अघिदेखि गोर्खाल्यान्ड माग्दा टिस्टा काँगडा अर्थात् ब्रह्मपुत्र टिस्टा संगमदेखि सतलजसम्म गोरखपुर आदि दार्जिलिङ गंगाउत्तर माग्नु पर्ने थियो । यो एकता नगरेबाट यसै स्तम्भमा त्यो सम्पूर्ण नेपालै हो भनी ४ पटकम 'गोरक्षा र गोर्खाल्यान्ड' यही लेखकले लेख्नु परेको हो । पुराना अंग्रेज र वर्तमान भारतीय नेता एउटै भए, दिएनन् ।

७. श्री ५ महेन्द्रदेखि नेपाली परराष्ट्रमन्त्री कमल थापासम्म : नेपालीले नै अंग्रेज चीनसँग लडेकै हो । भारतमा मिसिँदैनौं भन्ने र नेहरुदेखि मोदीसम्मले अनेक उपाय गरी आफ्ना पक्षबाट हस्तक्षेप गरिरहने इतिहासमै प्रस्ट नै छ । आफैंले लेखेको संविधानसभा श्री ५ त्रिभुवनले दिएनन् । श्री ५ महेन्द्र वीरेन्द्रले पनि यस्तै गरे ।

भारतीय प्रम इन्दिरा गान्धीले त तराई टुक्र्याओ नेपालको भनी गुप्तचरलाई आदेशै दिइन् । यो सामना गरी नागरिकतामा कडाइ गर्ने यी पुराना शासक कसरी ग्रेटर नेपाल नचाहने भए ? प्रम कृष्णप्रसादले नेपालमा थपिन्द है देश भनी संविधानमै लेखे । प्रम मनमोहन र नेपाली परराष्ट्र मन्त्री कमल थापाले १९५० को सन्धि नै संशोधनार्थ पेस गरे । यी सबै ग्रेटर नेपाल समर्थक नै हुन् ।

**८. पूर्वराजा ज्ञानेन्द्र** : यिनले पुरानो संसद ब्युँझाए । बाबु र बाजेले नदिएको संविधानसभा गर भनी दिए । नागरिकतामा कडाइ कायमै राखे र श्रीपेच जिम्मा लगाई नेपालैमा बस्छु भनी बसिरहे । त्यत्ति मात्र हैन यिनकै विरोध गर्ने माधवकुमार नेपालका पालामा अनमिन बिदा गरी माओवादीलाई नेपाली सेनामा समावेश गर्दा सहयोगी जस्तै भए र अहिले माओवादी पार्टी आफैंमा मिलाउन केपी ओलीलाई माधवकै सहयोग हेरी रहे । नेपाल छोडेनन् । सबभन्दा ठूलो कुरा श्री ५ भएकै बखत दिल्लीमा ग्रेटर नेपाल माग्छौ कि ? भन्ने प्रश्न सुनेपछि जनता जे भन्छन् गर्छु भने ।

**९. केपी ओली वर्तमान प्रम**: हुन त बाबुराम प्रधानमन्त्री हुँदा प्रबुद्ध समूह गठन गर्ने कुरा भएको हो । त्यो बखत उनले सर्वदलीय आफ्नो प्रतिनिधि दलीय लोभले हो कि किन हो 'पठाएनन् । किनभने ग्रेटर नेपालमा यिनको विश्वास भए 'मर्ज' भन्ने शब्द भारत र चीनको नाम उच्चारण गरी भन्ने थिएनन् । बरु ओली पहिले प्रधानमन्त्री हुँदा आफ्ना प्रतिनिधि ४ राखे ४ भारतले पनि राख्यो । अब २ वर्ष अवधि सकिँदा आफैंले संयुक्त प्रतिवेदन बुझ्ने र भारतमा पनि बुझाउने यही २०७५ असार २० तिरै हो ।

# मैले देखेको त्रिपन्नौं विश्व सम्पदा :
# आरूण्डेलको दरबार

सुरेन्द्र ढकाल


अगाडिबाट आरून्डेलको दरबारसहितको किल्ला यस्तो देखिन्छ



दरबारभित्रको महारानी भिक्टोरियाको शयन कक्ष


दरबारभित्रको फिच्ज्लान गजुरको भित्री भाग


आरून्डेलको दरबारको भित्री भाग


आरून्डेलको स्टोन सेल तलबाट हेर्दा


आरून्डेलको पुरानो सहरको मध्यमागमा सुरेन्द्र सन् १९८९ मा


आरून्डेलको दरबारको मुख्य द्वार


दरबारभित्रको महारानी मातिल्दाको शयन कक्ष

वाथको रोयल क्रेसेन्ट र त्यहाँभित्र रहेको प्राकृतिक तातोपानीको पोखरी हेरिसकेपछि हामी पश्चिम–दक्षिणतर्फ लाग्यौं र आरूण्डेलको दरबार हेर्नतर्फ लाग्यौं ।

**आरूण्डेलको दरबार**

यो इंगलैण्डको वेस्ट ससेक्समा रहेको मध्यकालीन दरबार रहेछ । यो दरबारको निर्माण सन् १०६७ क्रिसमसको दिनमा रोजर डे मोन्टगोमेरीले शुरू गर्न लगाएका रहेछन् । विजेता विलियम महानले आरूण्डेलको जिम्मा आफ्ना भतिजा रोजरलाई आफ्नो अनुपस्थितिमा इंगलैण्डमा शान्ति कायम गर्न सकेकोमा पुरस्कार स्वरूप दिएका रहेछन र यसैको कारण उनले दरबारको निर्माण कार्य अगाडि बढाएका रहेछन् । यस दरबारमा भएका किल्ला जस्तो देखिने क्तयलभ क्जर्भा विलियम आफैंले दरबारको सुरक्षाको लागि बनाउन लगाएका रहेछन । ११ औं शताब्दिमा यो दरबारलाई ड्युक अफ नोरफल्कको परिवारले ४०० वर्षसम्म आफ्नो सम्पत्ती बनाएका रहेछन् । त्यस समयमा यो दरबार इंगलैण्डको क वर्गको दरबारमा पर्दोरहेछ । रोजरको मृत्युपछि राजा हेनरी प्रथमले यस दरबारलाई आफ्नो सम्पत्ती बनाई आफ्नी दोस्री महारानी आडेलिजालाई दिएका रहेछन् । पछि यो दरबारको जिम्मा आउविग्नी परिवारले लिएपछि यस दरबारभित्रको संरचनालाई परिवर्तन गरी सामन्तहरूको शौखी जीवन ब्यतित गर्न मिल्ने बनाइएको रहेछ । सन् ११३९ मा बेलायतकी महारानी माटिल्दा यस दरबारमा केही समय बस्नका लागि आमन्त्रण गरिएको रहेछ । उनको बसाइलाई आनन्दमय बनाउनका लागि दरबारभित्रै छुट्टै शयन कक्ष सिंगारिएको रहेछ । सन् ११७६ मा विलियम डे आउविग्नी मृत्युपछि राजा हेनरी द्वितीयले पुनः यस दरबारलाई आफ्नो जिम्मामा लिएछन र थुप्रै पैशा खर्च गरी सिंगार्ने काम गरेका रहेछन् । पछि हेनरी द्वितीयको मृत्युपश्चात पुनः यो दरबार आउविग्नी परिवारकै जिम्मामा आएको रहेछ । यस परिवारका अन्तिम पुरूष ह्युगको मृत्युपछि उनकी बहिनी इसावेलले जोनफिच्ज्लानसँग विवाह गरेपछि यो दरबार सन् १५८० सम्म फिच्ज्लान परिवारको सम्पत्ती बन्न पुगेको रहेछ । यही परिवारका एक जना व्यक्तिले आफ्नो मृत्युपश्चात दरबारभित्र कलात्मक गजुर (शापेल) बनाउन लगाएका रहेछन् ।

सन् १८४६ मा महारानी भिक्टोरिया र उनका पति राजकुमार अल्वर्ट यस दरबारमा आई तीन दिन बसेका रहेछन । त्यस्को लागि १३ औं ड्युक अफ नरफल्कले ठूलै धनराशी खर्च गरी यस दरबारलाई सिंगारेर पुरै नयाँ जस्तै बनाएका रहेछन् भने महारानीको शयनकक्ष ठूलो मेहनतका साथ बनाउन लगाएका रहेछन् ।

यही मौकामा यस दरबारभित्र भिक्टोरिया कालिन महँगा फर्निचरहरू पनि भित्रिएका रहेछन् । सन् १९७५मा १६औं ड्युकको मृत्युपछि यस दरबारको जिम्मा राष्ट्रिय कोष खडा गरी त्यसलाई दिने भनिए तापनि सो कार्य सम्पन्न हुन नसक्दा दरबार ड्युककै सम्पत्तिको रूपमा रहेको पछि यसलाई सार्वजनिक दर्शनीय स्थलको रूपमा विकास गरी देश विदेशका पर्यटकहरूको लागि खुला गरिएको रहेछ ।


SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा
इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी
आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

लागू पदार्थ सेवन नगरौं
सभ्य समाजको निर्माण गरौं
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# अभिशाप बन्दै विषादीको उपयोग



**गणेश पराजुली**

नेपाली अर्थतन्त्रको मेरुदण्ड कृषि हो । देशका वहुसंख्यक जनसंख्या कृषिमा आश्रित छन् । राष्ट्रिय अर्थतन्त्रमा कृषि क्षेत्रको कूल योगदान करिब २८ प्रतिशतको हाराहारीमा रहेको छ । कृषि क्षेत्रको दीगो विकास विना मुलकको समग्र समुन्नती सम्भव छैन । यस अर्थमा दीगो आफैमा धानिन सकिने कृषिविकासका लागि हाम्रा प्रयासहरु कृषि उत्पादनमा वृद्धि,सहस्राब्दी विकास लक्ष्यहरुको प्राप्ति र जलवायु परिवर्तनजन्य असरहरुको न्यूनीकरणमा केन्द्रीत हुनु आवश्यक रहेकामा जबर्जस्त उत्पादन बढाउने नाममा नेपालले लामो समयदेखि प्रोत्साहित गरिरहेको वर्तमान कृषि प्रणाली अन्ततः उल्लेख्य अवस्थामा सुधार भन्दापनि समस्या श्रृजनामा केन्द्रीत पाइएको छ ।

परंपरागत अथवा जैविक खेतीप्रणालीई कम महत्व दिई रासायनिक मल तथा विषादी उपयोगलाई आत्मसाथ गरिएको हाम्रो कृषि नीति तत्कालीन रुपमा विपत्त खाद्य उत्पादन बढाउन केही सहयोगी देखिएतापनि अन्ततः माटोको उर्वराशक्ति बढाउँदै पर्यावरणीय सन्तुलन कायम राखी स्वच्छ खाद्यान्न उत्पादनमा यो पूर्णतःअसफल सिद्ध भएको छ ।

विगतका केही दशकअघि सम्म नेपाल खाद्यान्न निर्यातक राष्ट्रको रुपमा रहयो । तर, निरन्तर उच्च गतिमा बढ्दो जनसंख्याको कारणले यो अवस्था लामो समयसम्म रहन सकेन । उत्पादित खाद्यान्न वढ्दो जनसंख्याको अनुपातमा न्यून रहन पुग्यो । यस अवस्थामा श्रोत साधनको अधिकाधिक उपयोगलाई नै निर्विकल्प ठानी अपरिपूर्त खाद्यसंकटलाई सम्बोधन गर्न नेपालले कृषि क्षेत्रमा आधुनिकीकरण भित्रायो । कृषिको आधुनिकीकरणको नाममा नेपालले रासायनिक मल र विषादीको भूमिका लाई सर्वाधिक महत्व दिई प्रवर्द्धन गऱ्यो जो जनस्वास्थ्यका साथै पर्यावरणीय विनासको कारण बन्यो । खासगरी रासायनिक मल तथा विषादीको जर्वजस्त उपयोग, प्रयोगको तौर तरिका र म्याद सकिएका विषादीहरुको भण्डारण तथा खुला विसर्जन नेपालको वातावरणीय समस्याकै रुपमा रहन पुगे ।

स्वच्छ खाद्यान्न तथा तरकारी वाली उत्पादनमा रासायनिक मल तथा विषादी अभिशाप कै रुपमा रहेता पनि नेपालमा प्रत्येक वर्ष यसको आयतमा वृद्धि भइरहेको छ । हालसम्म १३२ प्रकारका विषादी २२७५ व्यापारिक नाममा नेपाल भित्रिने गरेको तथ्यांक छ । स्वदेश भित्रिएका सबै रासायनिक मलहरु प्रयोगमा आउने गरेका भएतापनि विषादीहरु को अवस्था यो भन्दा भिन्न छ । आयत गरिएका विषादीहरुको ठूलो हिस्सा प्रयोगमा नआउने भएकाले म्याद सकिएका घातक विषादीहरु नेपालमा प्रत्येक वर्ष थुप्रिदै गएका छन् ।

पर्यावरणीय प्रतिकूलताका कारक भएता पनि नेपालले विगत लामो समयदेखि केवल कृषि उत्पादकत्व बढाउने नाउँमा रासायनिक मल तथा विषादीको उपयोगलाई नीतिकै रुपमा प्रोत्साहित गऱ्यो । रासायनिक मलमा प्रत्येक वर्ष अरवौ रकम अनुदान दिने व्यवस्था गऱ्यो । यसरी वर्षेनी ठूलो धनराशी सरकारले अनुदानका नाममा खर्च गर्ने गरेता पनि लगानीको अनुपातमा त्यसले उत्पादकत्वमा उल्लेख्य सुधार ल्याउन् त कता हो कता यसले खाद्य स्वच्छतामा समेत असर पारी वातावरणीय प्रतिकूलता बढाउन पुग्यो ।

नेपालमा रासायनिक मल तथा विषादीको प्रयोग केही क्षेत्रमा मात्र उच्च रहेको अध्ययनहरुले देखाएको छ । विशेषगरी पहाडी र उच्च पहाडी क्षेत्रहरूमा रासायनिक मल तथा विषादी उल्लेखनिय रूपले प्रयोग गरिएको पाईएको छैन तर, बजार नजिकका क्षेत्रहरूमा विषादीको प्रयोग व्यापक भएको पाइएको छ । विशेष गरी तराई र काठमाण्डौ उपत्यका र नजिकका जिल्लाहरूका तरकारी वालीमा सबैभन्दा बढी रासायनिक मल तथा विषादीको प्रयोग हुने अध्ययनले देखाएको छ । क्षेत्रफल र व्यापकताको आधारमा नेपालमा धानबालीमा रासायनिक मल तथा विषादीको प्रयोग उच्च छ । यसको प्रयोगले हावापानी र त्यसमा आधारित जीवनचक्रलाई नराम्रोसँग प्रभावित तुल्याई भू-तथा जलका साथै वायु प्रदुषणसमेत बढाएको छ । जसले मानव स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पर्न गएको छ । विषादीको प्रयोगले भूमिगत जललाई समेत विषाक्त बनाएको पाइएको छ । यसको जथाभावी प्रयोगका कारण सागपात, अन्नबाली एवं गाईवस्तुको दूधमा समेत विषादीका अवशेषहरू पाइन थालेको अध्ययनहरूले देखाएका छन् ।

यसरी रासायनिक मल तथा विषादीको उच्च उपयोगले हाम्रो देश वातावरणीय प्रतिकूलताका साथ साथै विषाक्तपूर्ण खाद्यान्न आपूर्ति बढोत्तरीको जोखिममा छ । हाम्रा कृषिजन्य क्रियाकलापहरु स्वस्थ्यकर तथा वातावरणमैत्री स्वच्छ उत्पादन भन्दापनि केवल निर्वाहमूखी उत्पादन बृद्धिमा मात्र केन्द्रित रहेका छन् । यद्दपी आशातित उपलव्धि हासिल हुन सकिरहेको छैन । यस्तो अवस्थामा विषाक्त खेती प्रणालीलाई विस्थापित गरी जैविक प्रविधिका साथ स्वच्छ उत्पादकत्व बढाउने तर्फ हाम्रा प्रयासहरु अग्रसर हुनु जरुरी छ । यस अवस्थामा जनस्वास्थ्य र वातावरणमैत्री खेती प्रणाली अवलम्बन गर्नु आवश्यक छ । यसका लागि जैविक खेती प्रणाली का साथै एकीकृत शत्रु जीव व्यवस्थापन हाम्रो सन्दर्भमा एक उपयुक्त विकल्प हुन सक्छ ।

स्थानिय स्तरमानै सहज रुपमा उपलव्ध हुन सक्ने गोबर, झारपात,गड्यौलाद्धारा उत्पादित जैविक मल रासायनिक मलको विकल्पमा प्रयोग गरी गरिने खेती नै जैविक खेती प्रणाली हो । यो मल धान, फलफुल र तरकारी बालीका लागि उपयोगी देखिन्छ । यो वास्तवमा दीगो कृषि विकासका लागि वातावरणमैत्री कृषि उत्पादन प्रणाली हो । यसै यथार्थतालाई मध्यनजर गरी सरकारले हाल निर्माणको क्रममा रहेको कृषि विकास रणनीतिमा जैविक खेती प्रणालीलाई महत्वका साथ स्थान दिने तयारीमा रहेको बुझिएको छ । रासायनिक मललाई विस्थापित गर्न सक्ने शसक्त प्रविधि नै जैविक मलभएको तथ्यलाई आत्मसाथ गरी सरकारले गत वर्षदेखि यसमा पनि अनुदानको व्यवस्था गरेको छ यसलाई सकारात्मक सुरुआत मान्नुपर्छ ।

एकीकृत शत्रुजीव व्यवस्थापन वाली विरुवाका शत्रुहरु रोग, कीरा, झारपात,चरा, मुसा आदीलाई नष्ट गर्दै मीत्रजीव भ्यागुता, पुतली, मौरीलगायत लाई संरक्षण गरी आर्थिक रुपले न्यायोचीत एवं पर्यावरणीय दृष्टिले दीगो रुपमा वाली संरक्षण गर्ने एक विधि हो । यस विधिमा अन्न बालीका रोग कीरा नियन्त्रणका लागि निम, बोझो, टिम्बुर,ज्वानु, तितेपाती, तोरीको तेल, प्रयोग गरिन्छ भने तरकारी बालीमा काठको धुलो, गहुँत, सावुनपानी र सुर्तिको झोल कीरा नियन्त्रणमा प्रयोग गरिन्छ । यस कार्यक्रम अन्तर्गत सञ्चालित कृषि पाठशालाहरुमा कृषकहरुलाई प्रत्यक्ष रुपमा सहभागी गराई शत्रु र मीत्र जीव कीरा र यीनीहरुले बालीनालीमा पार्न सक्ने प्रभावका बारेमा सचेत गराई पर्यावरण मैत्री कृषि प्रणालीका लागि सक्षम तुल्याइने छ । यसमा प्रयोग गरिएका एक भन्दा बढी विधिहरुले मूलत विषादीका साथै रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दछ ।

हामी सँग रासायनिक मल तथा विषादीको विकल्पमा प्रयोग गर्न सकिने दीगो यवं वातावरणमैत्री यस्ता उपयुक्त तौर तरिकाहरु प्रसस्त भएता पनि लामो समय सम्म मुलुकले त्यसतर्फ ध्यान दिन सकेन ।

रासायनिक मल तथा विषादी को अत्याधिक प्रयोग हाल सामधान होइन समस्याको रुपमा देखापर्न गयो । निश्चितरुपमा रासायनिक मल तथा विषादी विष नै हो यसलाई औषधिको रूपमा कदापी ग्रहण गर्न सकिदैन । रासायनिक मल तथा विषादीका लेबुलमा दिइएका निर्देशनहरूलाई लाई सावधानी तथा बुद्धिमतापूर्वक अनुशरण गरिएमा मात्र पनि पर्यावरणमा पर्न सक्ने प्रदुषणलाई केही घटाउन सकिन्थ्यो तर यसको जथाभावी प्रयोगले हानिकारक कीटपतंग र झारपातहरूमात्र नष्ट भएनन् यसले हाम्रा लागि उपयोगी गड्यौला, मौरी, रेशम, पुतली, भ्यागुता, बाख्ला र माकुरासमेत मर्न गए । यसले तत्कालीन रुपमा विषाक्त कृषि उत्पादकत्व बढाएको जस्तो देखिएता पनि अन्तत यसले कृषकहरुलाई लाभ भन्दा पनि हानी नै पुऱ्यायो । मूलतः माटोको उर्वराशक्तिमा यसले गम्भीर ह्रास ल्यायो । अझ भनौ यो माटो माथीको निर्मम प्रहार नै थियो ।

रासायनिक मल र विषादीमा प्रत्यक्ष रुपमा रसायनको प्रयोग भएको हुँदा यी रसायनहरु मूलतः नाक, कान, मुख, आँखा र छालाजस्ता संवेदनशील अंगहरूबाट मानव शरीरमा प्रवेश गरी यसले मानिसको रोगसँग लड्न सक्ने प्रतिरोधात्मक क्षमतालाई कमजोर बनाउँछ । जसका कारण मानिसको सोचन शक्तिमा ह्रास आउने, स्वासप्रश्वास सम्बन्धी रोग लाग्ने, नपुंसकता बढाउने, स्नायु प्रणालीमा असर गर्ने, आँखासम्बन्धी रोगहरू देखापर्ने, कम उमेरमा कपाल फुल्ने,, बढी थकित तुल्याउनेका साथै छालासम्बन्धी रोगहरू देखापर्ने हुन्छन् । विषादीका कारण अल्सर, क्यान्सर र क्षयरोग जस्ता दीर्घरोगको सम्भावना बढी हुनाले अन्त्यमा मानिसको मृत्युसमेत हुने गरेको छ । यस्ता विषादीले वयस्कहरुलाई भन्दा पनि रोग प्रतिरोधात्मक क्षमता कम हुने बुढाबुढी र वालबालिकाहरुलाई बढि प्रभावित गर्ने गरेको अध्ययनहरुले देखाएका छन् । एक तथ्यांकअनुसार विश्वमा वर्षेनि ४० हजारभन्दा बढी मानिसहरू विषादीका कारण मर्ने गरेका छन् ।

यसैगरी मूलतः रासायनिक मलको अधिक प्रयोगहुने स्थल तथा म्याद नाघेका विषादीहरुको लामो भण्डारण नजिकै को क्षेत्रमा बसोवास गरीरहेका व्याक्तिहरुको शरीरमा विषादीका अवशेषहरु समेत पाइन थालिएको अध्ययनहरुले देखाएका छन् । रासायनिक मल तथा विषादीका अवशेषले मानिसमा तुरुन्तै असर नपार्ने भए पनि निरन्तर थोरै मात्रामा शरीरभित्र प्रवेश गरेमा पनि लामो समयको अन्तरालपछि विषको सामुहिक असर देखा पर्ने बिज्ञहरु बताउँदछन् । यसरी अहिले सामान्य ढंगले हेर्दा विषादी सम्बन्धी समस्या ज्यादै गम्भीर नभएको प्रतीत हुन सक्छ तर प्रयोग हुने स्थल, प्रयोग हुने बाली, प्रयोग गरिने मात्रा, समय र रसायन, भण्डारणको अवस्था तथा विषादी बजारको गहिरिएर विश्लेषण गर्ने हो भने समस्या गम्भीर भइसकेको प्रष्ट देखिन्छ ।

हामी कहाँ पनि रासायनिक मल तथा विषादीको विकल्पमा प्रयोग हुन सक्ने जैविक एवं परम्परागत तौरतरिकाहरू प्रशस्तै छन् । त्यस्ता तरिकाहरूमा रासायनिक मलको सट्टा जैविक मल र विषादीको विकल्पमा वर्तमान कृषि प्रणालीमा स्थानीय स्तरमा उपलब्ध निम, बोझो, टिम्बुर,ज्वानु, तितेपाती, तोरीको तेल, काठको धुलो, गहुँत, सावुनपानी र सुर्तिको झोल आदिको प्रयोग विशेष उल्लेखनीय छन् । यसका लागि कृषकहरूमा यस्ता जैविक मल निर्माण का साथै जैविक कीटनाशक औषधिहरूको उपयोग गर्ने तौरतरिका र प्रभावकारिताका बारेमा ज्ञान अभिवृद्धि गर्नु जरुरी छ । जसले रासायनिक मल तथा विषादीका लागि मुलुकले वर्षेनी खर्चिदै आएको विदेशी मुद्राको ठूलो हिस्सालाई विस्थापित गरी दीगो कृषि विकासका लागि वातावरण मैत्री स्वच्छ उत्पादनमा अनुकूल प्रभाव पार्ने निश्चित देखिन्छ ।

## भरिया दुई थरी

**तेजेन्द्र प्रसाईं**



लेख्न खोज्छु फुर्दैन कविता
बरु देख्छु चारैतिर रमितै रमिता
यसपल्ट त अचम्मै देख्नुपऱ्यो
साँघुरी डाँडाको उकालोमा पहिला पहिला
ढाकरमा तोक्मा लगाउँदै नुन बोक्ने भरिया
देखेका आँखाले हवाईजहाजमा कुइन्टलका
कुइन्टल सुन ओसार्ने भरिया देख्नुपऱ्यो

भरियाका नाइके साँच्चीकै भीआईपी परेछन्
कुमभरि बिल्ला भिर्ने प्रहरीका ठूला हाकिमहरुलाई
सहायक भरिया बनाउन सक्ने
भरी पनि क्या गजबको
नुन बोक्ने भरियाले सानीलाई भोटो र कान्छीलाई
जामा किन्ने योजना बनाएका हुन्थे
त्यो पनि साहुले ज्याला नठगी दिएको खण्डमा
सुन भरियाको भारीको मूल्य कति कति
क्यालकुलेटरमा पनि अटाउन नसक्ने ।

झरनाको चिसोपानी खाएर
वरपीपल चौतारीमा सुस्ताउने
नुन भरिया र फ्रिजको चिसो बियर पिएर
तारे होटलका स्वीटहरुमा आराम गर्ने
सुन भरियाबीच फरक नियाल्न खोज्छु
देख्छु जमिन आशमान छ फरक ।

कठिन परिश्रम गरेर पसिनाको मूल्यमा
बाँचेको स्वाभिमानी नुन भरिया
अनि देशलाई खोक्रो पार्ने गरी राजस्व छलेर
एकै पल्टमा करोडौं कमाउने सुन भरिया
पसिनाको मूल्यमा रमाउने नुन भरिया
ढिँडो, सिस्नो खाने बित्तिकै मझेरीमा ओछ्याएको
सुकुलमा भुसुक्कै निदाउँछ
निशाचररुपी तस्कर सुन भरिया
गद्दावाल बिछ्यौनामा
एक झट्को निद्राका लागि तड्पिरहन्छ
अनि मदिरा र ट्याबलेटको सहारा लिएर
निदाउने चेष्टा गर्छ ।
देख्दा लाग्छ नुनको भारी खेप्नभन्दा
सुनको धेरै सजिलो
नुनको भारी खेप्नका लागि
सपना त अवश्य हुन्छ
उसले पनि भारी खेपेर आफ्नी प्रियसीको हातमा
एकदिन सुनको वालाले सजाउन चाहन्छ तर
एसको सपना धेरै टाढा हुन्छ ।
सुनको भारी बोक्नेहरु घाँटी र हात लचक्कै
पार्ने गरी सुन लगाउँदा लगाउँदै आखिरमा
फलामका चुरा लगाउने अवस्थामा पुग्दा रहेछन्
अनि अप्रत्यासित रुपमा आइलागेको
फलामको चुरा छोप्न
सर्टको बाहुला लामो पार्न खोज्छन्,
अनुहार कालो माकल टोपीले ढाकिदिन्छन्
मनभित्र बल्ल पश्चात्तापको आगो सल्कन्छ
आगोले उसलाई मात्र नभएर परिवार नै
डढाउन थाल्छ
ऊ अलाप विलाप गर्दै चिच्याउँछ
सुन खेप्नुभन्दा त नुन खेप्नु नै राम्रो
मेरा सन्तान दर सन्तानले सुन भरिया
बन्नु नपरोस्
तर के गर्ने समयले कोल्टे फेरिसकेको हुन्छ
उसको चिच्याहट हावामा विलाएर जान्छ ।

# भानुजयन्तीमा स्रष्टाहरू सम्मानित







नेपाली भाषा, कला, साहित्यको क्षेत्रमा क्रियाशील रहँदै आएको विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले आदिकवि भानुभक्त आचार्यको २०५ औं जन्मजयन्तीको अवसरमा स्रष्टा सम्मान, कृति लोकार्पण र कविता वाचन जस्ता महत्वपूर्ण कार्यहरु राजधानीस्थित घट्टेकुलो विकास समाजको हलमा असार १६ गते शनिबार सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाई अध्यक्ष एवम नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रममा विशेष अतिथि पूर्वराजदूत प्रल्हादकुमार प्रसाई, प्रा.डा. पारसमणि भण्डारी, प्राज्ञ डा. उषा ठाकुर, प्रा.डा. गार्गी शर्मा, वरिष्ठ सल्लाहकार लक्ष्मीप्रसाद प्रसाई, घट्टेकुलो विकास समाजका अध्यक्ष शिवराम राजवंशीको उपस्थिति रहेको थियो । त्यसैगरी लेखक/साहित्यकार दीर्घराज प्रसाई, गोरखापत्रका पूर्वमहाप्रबन्धक भरतराज प्रसाई, साहित्यकारहरु खगेन्द्रराज सिटौला, राजन त्यौपाने, सरस्वती गौतम, पवन आलोक, खोमदत्त बरालगायतका अतिथिहरुको उपस्थितिले कार्यक्रमको गरिमा बढाएको थियो ।

समाजसेवी, पत्रकार तथा साहित्यप्रेमीहरुले खचाखच भरिएको हलमा ४ घण्टासम्म कार्यक्रम अविच्छिन्न रुपमा चलेको थियो । त्यसैगरी प्रतिष्ठानले नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने प्रतिभाहरु कृष्ण धरावासी, गोविन्द गिरी 'प्रेरणा', सुवासचन्द्र ढुंगेल, भवानी क्षत्री, खेम नेपाली, ईल्या भट्टराई, रामकृष्ण आचार्य एवम गोधुली साहित्य प्रतिष्ठानलाई सम्मान गरेको छ । उक्त समारोहमा लक्ष्मी उप्रेती र गोपीकृष्ण प्रसाईद्वारा सम्पादित कृति 'समय सन्दर्भमा नारी कथा' को पनि प्रमुख अतिथि र विशेष अतिथिहरुले लोकार्पण गरेका थिए ।

अध्यक्ष प्रसाईले उपस्थित सम्पूर्ण साहित्य अनुरागीहरुलाई स्वागत गर्दै आदिकविको जीवनी, विराट व्यक्तित्व, कृतित्व र योगदानका बारेमा बोलेका थिए भने वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेतीले सम्मानित सर्जक र संस्थाको परिचय दिदै संक्षिप्त मन्तव्य राखेकी थिइन । प्रा.डा. पारसमणि भण्डारीले लोकार्पित कृतिको बारेमा समीक्षात्मक अवधारणाहरू प्रस्तुत गरेका थिए । यसैगरी सम्मानित स्रष्टाहरुको तर्फबाट कृष्ण धरावासी र खेम नेपालीले मन्तव्य राखेका थिए । धरावासीले अनेपाली भाषीहरू माझ नेपाली साहित्यलाई पुऱ्याई नेपाली भाषाको अन्तर्राष्ट्रियकरण गर्नुपर्ने कुरामा जोड दिएका थिए । गोविन्द गिरी 'प्रेरणा', सुवासचन्द्र ढुंगेल र भवानी क्षत्रीले पनि आफ्ना रचनाहरू वाचन गरेका थिए । प्रमुख अतिथि उप्रेतीले विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको रचनात्मक कार्यको तारिफ गर्दै वाङमय उत्थानमा सबैले निस्वार्थ रूपमा लाग्नुपर्नेमा जोड दिएका थिए । उनले यस कार्यको लागि प्रज्ञा प्रतिष्ठानले सदैव सहयोग र सद्भाव रहने कुरा पनि स्पष्ट पारे । धरावासीले राखेको जिज्ञासाको जवाफ दिदै कुलपति उप्रेतीले नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन प्रतिष्ठानमा छुट्टै अनुवाद शाखा खोलेर विभिन्न अन्तर्राष्ट्रिय भाषामा नेपाली साहित्यको अनुवाद गराउने र अन्तर्राष्ट्रिय साहित्यलाई नेपाली भाषामा अनुवाद गर्ने काम भइरहेको बताए ।

कार्यक्रममा ८७ वर्षीय गायिका मनमाया सिटौलाको सगिनी गीतले सबैको मन जितेको थियो । त्यसैगरी कोपिला सिवाकोटीले सुन्दर गीत प्रस्तुत गरेर सबैको ध्यान खिचिन् । अस्मिता भण्डारी, राधिका दाहाल, प्रकाश शमीर, ब्रम्हप्रिय, महेश रिजाल, रूद्र अधिकारी, प्रकाश सुवेदी, निर्मल पराजुली, उर्मिला पन्त, अक्षता अधिकारी, कल्पना प्रसाई पाठक लगायतले आफ्ना रचना वाचन गरेका थिए ।

प्रमुख अतिथि, अतिथि, कवि एवम अन्य विशिष्ट सहयोगीहरूलाई संस्थाले मायाको चिनो प्रदान गरेको थियो । उपाध्यक्ष तेजेन्द्र प्रसाईले उपस्थित सबैलाई धन्यवाद दिँदै कार्यक्रम सफल पार्न सबैको सुन्दर भूमिका रहेको बताए । साथै उनले आफ्नो कविता वाचन समेत गरेर सम्पूर्ण कार्यक्रमको बिट मारे । दुई चरणमा बाँडिएको उक्त कार्यक्रमको संचालन पहिलो चरणमा वरिष्ठ सदस्य अस्मिता भण्डारी र दोस्रो चरणमा महासचिव पुकार तिमिल्सिनाले गरेका थिए । कार्यक्रम व्यवस्थापनका लागि सल्लाहकार किशोर उप्रेतीले महत्वपूर्ण भूमिका निभाएका थिए ।

## त्यो हो उज्यालो

**प्रकाश चालिसे**

त्यो हो उज्यालो
अनि चम्केको दिव्य ज्योति नै हो त्यो,
त्यो हो आकाश
अनि बर्सेको मुसल्धारे पानी हो त्यो,
हेर कति मजा छ,
त्यो हो चटयाङ्ग
अनि पडकेको छाना र
बस्तीमा नै हो त्यो,
त्यो हो वसन्त
अनि हेर त्यो रुख,
विरुवामा पालुवा आएको,
त्यो हो सन्ध्या
अनि हेर सुमधुर रूपमा घाम
अस्ताइरहेको,
त्यो हो अँध्यारो,
अनि हेर निस्पट कालो अँध्यारो,
चुक नै छरे जास्तो,
त्यो हो पाठपूजा
जहाँ भक्ति, दर्शन र नित्य कर्म,
अनि धर्म देख्न पाइन्छ
त्यो हो मन्दिर
जहाँ सम्पूर्ण कला र
वस्तुको चमत्कारित देख्न पाइन्छ

## रारा

**-खगेन्द्र ढकाल**

फुऱ्यो कविता रारामा
अनि कोऱ्यो किनारमा
रारा.......
तिमी कति
उत्तालो नखरमाउली
यौवनमाद मिश्रित
पाइला चाली
लाजै नमानी
नजिकियौ यसरी कि
पसी गएछौ
ढुकढुकी बनी
बसी गएछौ
उपनाम बनी;
सपनाकी रानी
रारा कि अप्सरा
धरतीकी इन्द्रेणी ।
हेलिकोप्टर निल्ने
पाइलट पगाल्ने
शक्तिरुपिणी रारा,
हराएछ्यौ विलाएछ्यौ
द्रविभुत भई
फेसबुकमा
पोस्ट गरेछु
बग्दैछु राराको
चन्चल छालमा
टोलाउँदैछु कल्पनाको
मनोरम सागरमा
मायालुको विम्ब
हरेक लहरमा खोज्दै
विगतका सुस्केरा
आगतसँग साट्दै ।
आयो प्रेमिकाको
'लाइक' अनि
'कमेन्ट' सँग-सँगै;
हिमालमुनि ताल
कति सुन्दर तस्बिर
कति होलान माछा ?
आउने कति हो कोसेली ?
गृहमन्त्राणीजी पनि
को भन्दा के कम् !
आइहाल्यो कमेन्ट;
पानीको के
काम रारामा ?
कुलो ल्याए
खेतका गह्रामा
बाँफोखेत पो रोपिन्थ्यो कि ?
लालावालाको पेट पो
भरिन्थ्यो कि ?

# कस्मिरमा भारतीय अत्याचार उदांग



विष्णु भट्टराई

काश्मीरमा मुजाहिद्दिन कमान्डर बुरहान बानीको हत्यापछि नै भड्किएको हिंसापछि त्यहाँ भएको मानवअधिकार हननको विषयलाई लिएर हालै एउटा प्रतिवेदन बाहिर आएको छ । संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्त जायद राद अल हुसेनले ल्याएको सो प्रतिवेदनलाई लिएर यतिबेला विवाद गहिरिएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले काश्मीरको विवादित क्षेत्रमा भएको मानवअधिकार उल्लंघनको स्वतन्त्र छानबिनको माग उठाएको यो पहिलो घटना पनि हो । सो प्रतिवेदनमा भारत र पाकिस्तानका समेत सुरक्षा फौजले मानवअधिकारको उल्लंघन गरेको र यसरी मानवअधिकार उल्लंघनमा सहभागीलाई कारबाही गर्नुको साटो प्रश्रय दिँदा दण्डहीनता बढेको उल्लेख गरिएको छ । काश्मीरका विषयलाई लिएर भारत र पाकिस्तानबीच दुई पटक युद्ध नै भइसकेको छ । भारत र पाकिस्तान प्रशासित क्षेत्रका रूपमा विभाजितमध्ये भारत प्रशासित काश्मीरमा भएका घटनालाई सो प्रतिवेदनमा जोड दिएर उठाइएको छ । बुरहान बानीको हत्यापछि काश्मीरमा भड्किएको हिंसाको अध्ययनका लागि मानवअधिकारवादीले त्यहाँ प्रवेश गर्न अनुमति मागेपछि भारत सरकारले अनुमति दिएन । हिज्बुल्ला नेताको हत्यापछि भारतीय सेनाले गरेको ज्यादतीका कारण १५० जना भन्दा बढीको मृत्यु भएको छ भने सयौं घाइते तथा अपांग बनेका छन् । यस्तै विद्रोहीको आक्रमणमा परी २० जनाभन्दा बढीको मृत्यु भएको छ ।

मानवअधिकार उल्लंघनबारे जारी गरिएको प्रतिवेदनमा भनिएको छ, 'भारतीय सुरक्षाकर्मीले काश्मीरमा गरेको अत्याधिक बल प्रयोगको पुनरावृत्ति हुनबाट बच्नु आवश्यक छ ।' त्यस्तै, पाकिस्तान प्रशासित काश्मीरमा पनि मानवअधिकार हननका घटना भइरहेको उल्लेख गरिएको छ । पाकिस्तान प्रशासित काश्मीरमा शान्तिपूर्ण राजनीतिक, नागरिक गतिविधि र असन्तुष्टि व्यक्त गर्ने जनतामाथि कारबाही गर्न आतंकवादविरोधी कानुनको दुरुपयोग रोक्नुपर्ने कार्यालयको जोड छ ।

सन् २०१६ को जुलाई ८ मा हिज्बुल मुजाहिद्दिनका कमान्डर २२ वर्षीय बुरहान बानी मारिए । सन् १९९० को दशकमा जम्मु काश्मीरमा अस्तित्वमा आएको मुजाहिद्दिन जम्मु काश्मीरको स्वतन्त्रता चाहन्छ । काश्मीरमा बुरहान बानीको हत्यापछि सुरु भएको प्रदर्शनले यो क्षेत्र जति तरंगित बन्यो, यति तरंग सायद यो क्षेत्रमा कहिल्यै आएको थिएन ।

पछिल्ला दुई वर्षमा काश्मीर हिंसाका क्रममा भारतीय सुरक्षाफौजले अत्यधिक बल प्रयोग गर्‍यो । जसबाट डेढसयभन्दा बढी काश्मिरीले ज्यान गुमाए भने हजारौं घाइते भए । सुरक्षाफौजको दमन यस्तो बर्बर देखियो कि घाइतेमध्ये धेरैले आँखाको ज्योति सधैंका लागि गुमाउन पुगे भने धेरैले हात खुट्टा गुमाउन पुगे । यो सबै बाहिरी चोट हो, काश्मीर द्वन्द्वको भित्री चोट हामीले अनुभव गर्न पनि सक्दैनौं । काश्मिरी जनता पछिल्ला ७० वर्षदेखि हिंसाको रातमा जीवन बिताउन बाध्य छन् ।

कस्मिरमा हिंसा चलिरहँदा भारतीय सरकार त्यहाँका जनताको चित्कारमा पनि अर्धमुर्छित निद्रामा छ, उनीहरुको आवाज सुनेको छैन, सम्बोधन गर्ने र काश्मिरी जनताले न्याय पाउने कुरा धेरै परको कुरा





हो । भारतीय सञ्चारमाध्यम काश्मीरका सम्बन्धमा चर्को राष्ट्रवादको वकालत गर्छन्, र अधिकार माग्ने काश्मिरीलाई आतंकवादीको कित्तामा राख्न पछि पर्दैनन् । तर, उनीहरुले काश्मीरमा मारिएका सबै मानिसहरुका पक्षमा त्यहाँका जनताको अपार स्नेह र समर्थन रहेको कुरा भुलिदिन्छन् । भारतीयहरु सामाजिक सञ्जालमा पनि अधिकार माग्ने काश्मिरीलाई देशद्रोही भन्दै उनीहरुको मृत्यु जायज भएको भन्न पछि परेनन् । भारत संसारकै सबैभन्दा ठूलो लोकतान्त्रिक मुलुक हो तर भारतकै एक राज्य जम्मु काश्मीरमा प्रदर्शन, सभा, बैठक, विरोध र प्रतिरोध सबैमा प्रतिबन्ध लाग्दै आएको छ ।

जम्मु काश्मीर समस्या हल गर्नका लागि अहिलेसम्म पनि अटल बिहारी बाजपेयीबाहेक कुनै पनि भारतीय प्रधानमन्त्रीले गम्भीरतापूर्वक लिएनन् । भारतका नयाँ राष्ट्रवादी युवाका लागि काश्मिरी युवाहरु आतंकवादी, पृथकतावादी, पाकिस्तान समर्थक र देशका दुश्मनजस्तै हुन् । मारिनु, आँखाको ज्योति गुमाएर अन्धकारमय वातावरणमा जीउनु उनीहरुको नियती हो, जस्तो अवस्था सिर्जना भएको छ ।



राष्ट्रसंघीय मानवअधिकार कार्यालयको प्रतिवेदनका विषयलाई लिएर विरोध र समर्थन दुवै भएको छ । पाकिस्तानले प्रतिवेदनको समर्थन गरेको छ भने भारत त्यसको विपक्षमा उभिएको छ । सन् २०१६ मा काश्मीरमा हिज्बुल्ला नेता बुरहान बानीको हत्यापछि भड्किएको हिंसामा भारतीय सेनाले गरेको ज्यादतीको छानबिन हुनुपर्ने माग पाकिस्तानले पहिल्यैदेखि गर्दै आएको हो ।

भारतले संयुक्त राष्ट्रसंघले काश्मीरमा भएको मानवअधिकार उल्लंघनबारे जारी गरेको प्रतिवेदन खारेज गरेको बताएको छ । यो प्रतिवेदनमाथि तिखो प्रतिक्रिया व्यक्त गर्दै भारतले यसलाई भ्रामक र पक्षपातपूर्ण भएको उल्लेख गरेको छ । भारतीय विदेशमन्त्रालयले यो रिपोर्ट पूर्ण रूपमा पूर्वाग्रहबाट




प्रेरित रहेको र गलत तस्बिर पेस गरेको आरोपसमेत लगाएको छ । यसले भारतको सम्प्रभुता र क्षेत्रीय अखण्डताको उल्लंघन गरेको टिप्पणी पनि उसको छ । भारतले सम्पूर्ण जम्मु काश्मीर भारतको अभिन्न अंग भएको उल्लेख गरेको छ । भारतीय विदेशमन्त्रालयद्वारा जारी वक्तव्यमा भनिएको छ, 'यो रिपोर्टमा भारतीय क्षेत्रलाई गलत तरिकाले व्याख्या गरिएको छ जो कि क्षतिपूर्ण, भ्रामक र अस्वीकार्य छ । गिलगित-बाल्टिस्तान र आजाद काश्मीर जस्तो कुनै पनि क्षेत्र छैन ।'

भारत प्रशासित काश्मीरमा भएको मानवअधिकार हननको विषयमा छानबिन हुनुपर्ने माग गरिएको सो प्रतिवेदनलाई भारतले आफ्नो सम्प्रभुता र एकताका विरुद्ध भएको टिप्पणी गरेको छ । भारतले सो प्रतिवेदनमा प्रयोग भएका शब्दलाई लिएर पनि विरोध गरेको छ । भारतले अन्तर्राष्ट्रिय स्तरमा काश्मीरलाई लिएर प्रयोग गरिने शब्दलाई यो रिपोर्टमा उल्लंघन भएको बताएको छ । रिपोर्टमा लस्कर-ए-तैयब र जैश-ए-मोहम्मदजस्ता समूहलाई हतियारबन्द समूह भनिएको छ । जसलाई भारतले चरमपन्थी समूह भन्दै आएको छ । हतियारबन्द समूह भनेर यो रिपोर्टमा ३८ पटक गरिएको छ । संयुक्त राष्ट्र संघले पनि लश्कर-ए-मोहम्मदलाई अन्तर्राष्ट्रिय चरमपन्थी संगठन मानेको छ । काश्मीरका लागि भारत प्रशासित र पाकिस्तान प्रशासित काश्मीर भनर लेखिन्छ । यसैलाई लिएर भारतले हुसैनले रिपोर्टमा संयुक्त राष्ट्र संघको नयाँ नियमको पनि उल्लंघन भएको बताएको छ ।

## इतिहास रच्दै ओब्राडर

मेक्सिकोको राजनीतिमा ऐतिहासिक परिवर्तनको अवस्था देखिएको छ । हालै सम्पन्न निर्वाचनमा वामपन्थी नेता आन्द्रेस म्यानुअल लोपेज ओब्राडरले जित हासिल गर्दै इतिहास रचेका छन् । आफ्नो जितपछि लोपेज ओब्राडोरले देशमा महत्वपूर्ण परिवर्तन हुन लागेको बताएका छन् ।

मेक्सिकोमा सन् १९२९ देखि हरेक ६ वर्षमा राष्ट्रपति निर्वाचन हुँदै आएको छ । तर, अहिलेसम्म देशका दुई प्रमुख पार्टी नेसनल एक्सन पार्टी (पीएएन) र इन्स्टिट्युसनल रिभोल्युसनरी पार्टी (पीआरआई) ले देशमा शासन गर्दै आएका छन् । सन् १९२९ देखि २००० सम्म पीआरआई पार्टीका उम्मेदवार राष्ट्रपति भए भने सन् २००० देखि २०१२ सम्म पीएएनले सत्ता सम्हाल्यो । फेरि २०१२ को निर्वाचनमा पीआरआईले सत्तामा पुनः कब्जा जमाएको थियो ।

लोपेज ओब्राडोर मेक्सिकोको इतिहासमा यी दुई पार्टीभन्दा बाहिरबाट राष्ट्रपति बन्ने पहिलो नेता हुनेछन् । अब मेक्सिकोका जनताले पहिलोपटक देशका प्रमुख दुई पार्टीभन्दा अन्य पार्टीको शासन रोजेका हुन् ।


मेक्सिको सिटीका पूर्वनगर प्रमुख र एम्लो नामबाट लोकप्रिय ६३ वर्षीय लोपेज ओब्राडोरले ५३ प्रतिशत मत ल्याएका छन् । लोपेज ओब्राडोरले आफ्नो चुनावी अभियानमा भ्रष्टाचारलाई सबैभन्दा ठूलो मुद्दा बनाएका थिए । यसका साथै उनले अमेरिकी राष्ट्रपति ट्रम्पको खुलेरै आलोचनासमेत गर्दै आएका छन् । यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले ट्वीटरमार्फत लोपेजलाई जितका लागि बधाई दिएका छन् । उनले लेखेका छन्, 'आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरलाई मेक्सिकोको आगामी राष्ट्रपति बनेकोमा बधाई ।'

लोपेज ओब्राडोरका विपक्षीले आफ्नो वामपन्थी नीतिबाट पहिलेदेखि नै घाटामा रहेको मेक्सिकोको अर्थव्यवस्थालाई थप कमजोर पार्ने आरोप लगाएका छन् । केहीले मेक्सिकोको अवस्था भेनेजुएलाको जस्तो हुने टिप्पणीसमेत गरेका छन् । तर, राष्ट्रपति पदमा महत्वपूर्ण जित दर्ता गरेपछि लोपेज ओब्राडोरले आफ्नो भ्रष्टाचार अन्त्य गर्ने वाचा पूरा गर्ने प्रतिबद्धता जनाएका छन् । उनले भने, 'भ्रष्टाचारका कारण नै अहिलेको राजनीतिक शासनमा यति ठूलो समस्या आएको हो । भ्रष्टाचारकै कारण देशको सामाजिक र आर्थिक अवस्था खराब भएको छ । साथै असमानता बढेको छ । यसका अलावा भ्रष्टाचारका कारण देशमा हिंसाका घटनाहरू पनि बढेका छन् ।'

*(एजेन्सीहरुको सहयोगमा)*

## रोचक संसार

### भोट माग्ने काइदा




नेपालमा असार पन्ध्रको धान दिवसमा नेताहरुका अनेक चर्तिकलाले अहिले सामाजिक सञ्जाल रंगिएका छन् । चुनावमा पनि नेताहरुले यस्तैखाले अनेक चटक देखाउँछन् । उता पाकिस्तानमा पनि नेताहरु के कम ? अहिले आम चुनावको सरगर्मी बढिरहेको बेला पाकिस्तानमा एकजना नेताले जनताको मन र भोट आफुतर्फ तान्नका लागि अनौठो जुक्ति निकालेका छन् ।

चुनाव नजिकिँदै जाँदा नेताहरु जनताका घरदैलो पुगेर भोट मागिरहेका बेला एकजना स्वतन्त्र उमेदवारले चाहीं भोट माग्ने रोचक शैली अपनाएका छन्, जसले हाम्रो देशका वैकल्पिक भन्नेहरुका चटकको झल्को दिन्छ । ती नेताले ढलबाट निस्किएको फोहोर पानीमा पल्टिएर फोटो खिचे र त्यसलाई फेसबुक वालमा अपलोड गरे । फेसबुक वालमा फोटो हाल्नेमात्र होइन, उनले ढलको पानीमा सुतेरै फेसबुक लाइभ समेत समेत । उनले त्यसबेला हातमा पाकिस्तानी झण्डा बोकेका थिए । जसले अहिले निकै चर्चा पाएको छ ।

कराँचीको एन २४३ निर्वाचन क्षेत्रबाट चुनाव लडिरहेका स्वतन्त्र उम्मेदवार अयाज मेमोन मोतिवालाले आफुले जनताको दुखलाई राम्रोसँग बुझेको भन्ने देखाउनका लागि ढलमा सुतेका हुन् । आफ्नो क्षेत्रका मानिसहरु ढलको समस्याबाट गुज्रिरहेको कुरा आफुलाई जानकारी रहेको भन्दै उनले वर्तमान सरकार र विपक्षी दलहरुलाई नैतिक दबाब दिन आफुले यस्तो काम गरेको बताए ।



### गधा सुन्दरी प्रतियोगिता

नेपालमा हात्ती सुन्दरी प्रतियोगिता वर्षेनी हुँदै आएको छ । हालै भैंसी सुन्दरी प्रतियोगिता पनि भएको समाचार आएको थियो । उता ल्याटिन अमेरिकी मुलुक कोलम्बियामा गधा सुन्दरी प्रतियोगिता भएको छ ।

अमासिजोस नामक गधाले यस पटकको सुन्दरी प्रतियोगिता जितेको छ । १४ वर्षदेखि त्यहाँको मोनिक्विरा सहरमा हुँदै आएको उक्त वार्षिक गधा महोत्सव अन्तर्गत आयोजित गधा सुन्दरी प्रतियोगितामा स्थानीय महिलाको मौलिक परिहनमा सजिएको उक्त गधाले उपाधि जितेको छ ।

आर्काबुको सहरका अल्भारो लोपेजले पालेको उक्त गधाको जिउमा कलात्मक कपडाका साथै लामा लामा रौं, भुत्ले आखिभौंले धेरैको ध्यान तानेको थियो । अन्ततः अन्य ५९ जना प्रतिस्पर्धी गधालाई पछि पार्दै अमासिजोसले गधा सुन्दरीको उपाधि जित्यो ।

### दुर्लभ रोगी

दुनियाँमा कतिपय मानिसहरु निकै दुर्लभ तथा अनौठो खालका रोगबाट पीडित हुन्छन्, जसको उपचार नै हुँदैन र रोगीहरु दुखद जिवन जिउन बाध्य हुन्छन् । बेलायतमा एकजना पुरुष र उनका छोरा यस्तै दुर्लभ रोगबाट पीडित छन् । ती बाउछोरा यस्तो रोगका सिकार भएका छन्, जुन रोग विश्वका केवल ६ सय मानिसलाई मात्र लागेको छ । यो रोगका बारेमा थाहा पाउँदैमा हैरान भइन्छ ।

बेलायतका टम बेकर र उनका नौ वर्षका छोरा टिमुथी बेकर विश्वको सबैभन्दा दुर्लभ मानिसएको रोग एबअजथयलथअजष्ब ऋयलनभलष्तबबा बाट पीडित छन् । यो रोगका कारण ती बाउछोराले खुट्टामा जुत्ता सम्म लगाउन सक्दैनन् । दुबैलाई जुत्ता लगाउन डर लाग्छ । यदि केहीबेरसम्म पैदल हिंडे भने उनीहरुलाई असह्य पीडा हुन्छ ।

यो रोग एउटा आनुवंशिक रोग हो । यसबाट व्यक्तिको वंशाणुमा नै असर परेको हुन्छ । यो रोग लागेका व्यक्तिको सरीरमा अत्यधिक मात्रामा केराटिन नामक पदार्थ उत्पादन हुन्छ, जुन नङ तथा छालामा पाइन्छ । यी बाउछोराले हरेक हप्ता आफ्नो छाला काढ्नु पर्दछ । दुबैको पैतलाको छाला यति कडा भएर बाहिर आएको हुन्छ की त्यसलाई काटेर फ्याँक्ने पर्दछ । त्यसक्रममा हुने पीडाको उनीहरु वर्णन नै गर्न सक्दैनन् ।

### मन्दिरको गोप्य भान्सा

तिरुपति बालाजीको मन्दिर भारतका चर्चित मन्दिरहरु मध्येको एक हो । दैनिक हजारौंको संख्यामा भक्तजनहरु उक्त मन्दिरमा आउँछन् ।

आन्ध्र प्रदेशको चित्तुर जिल्लामा रहेको यो मन्दिर द्रविड स्थापत्य शैलीको उत्कृष्ट नमूना मानिन्छ । यो मन्दिर भारतका सबैभन्दा धनी मन्दिर मध्येमा पनि पर्दछ । रहस्यले भरिएको यो मन्दिरको एउटा अर्को रहस्य पनि छ, यसको भान्सा । मन्दिरको गोप्य भान्सामा हरेक दिन ३ लाख लड्डु तयार गरिन्छ । लड्डु बनाउनका लागि



पारम्परिक विधिको प्रयोग हुन्छ । विशेष कालिगढहरुले लड्डु तयार पार्दछन् ।

### बल्ब चोर्न मरिहत्ते

सोसल मिडियामा हरेक दिन विभिन्न खालका भिडियो भाइरल हुन्छन् । ती मध्ये केही निकै मनोरञ्जक हुन्छन् । पछिल्लो पटक भारतको तमिलनाडुमा एउटा चोरको भिडियो भाइरल बनिरहेको छ । यो भिडियो हेर्दा सायद नहाँस्ने कोही हुँदैन । भिडियोमा एकजना मानिसले सडक किनाराको यात्रु प्रतिक्षालय जस्तो देखिने टाउँमा टाँगिएको बल्ब चोर्ने कोसिस गरिरहेको छ । रातको समयमा बलिरहेको बल्ब चोर्नका लागि उसले निकै बाठो बनेर अर्के नाटक गरिरहेको हुन्छ । बल्ब चोर्नुभन्दा अघि उक्त मानिसले जे काम गर्दछ त्यो सबैभन्दा रोचक छ ।

### अब अन्तरिक्षमा पनि अमेरिकी सेना

विश्वको शक्तिराष्ट्र अमेरिकाले जल, स्थल तथा वायु क्षेत्रमा आफ्नो सैनिक उपस्थितिलाई त मजबुत बनाएकै छ । अब अमेरिकी सेना अन्तरिक्षमा पनि तैनाथ हुने भएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले रक्षा मन्त्रालय पेन्टागनलाई अन्तरिक्ष सेना तयार गर्न आदेश दिएका छन् । अन्तरिक्ष सेना अमेरिकी सेनाको छैटौं शाखा हुनेछ र यसले अन्तरिक्षमा अमेरिकी दबदबालाई सुनिश्चित गर्नेछ ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग सशक्त वायुसेना रहेको भए पनि अब छुट्टै स्पेस फोर्स अर्थात् अन्तरिक्ष सैन्यबल गठनका लागि अघि बढिरहेको बताएका छन् ।

अमेरिकी अन्तरिक्ष काउन्सिलको एक कार्यक्रममा बोल्दै ट्रम्पले अमेरिकाको रक्षाको सबालमा केवल अन्तरिक्षमा अमेरिकी उपस्थिति भएर मात्र नपुग्ने र अन्तरिक्षमा अमेरिकी दबदबा नै हुनुपर्ने



बताए ।

### चीनमा भूत विवाह

परम्पराको नाममा अहिले पनि दुनियाँमा अनेकथरि कार्य हुन्छन् । त्यसमध्ये चीनको घोस्ट म्यारिज अर्थात् भूत विवाह पनि एक हो ।


चीनका केही ग्रामीण भागमा अहिलेपनि ३ हजार वर्ष पूरानो यो परम्परा चल्दै आएको छ । भूत विवाह सुन्दैमा अनौठो लाग्दछ । अझ यो विवाहका पछाडिको कारण चाहीं झनै डरलाग्दो छ । चीनको साङ्सी प्रान्तमा भूत विवाहको चलन रहेको छ । यो परम्परामा अनुसार यदि कुनै परिवारमा अविवाहित पुरुषको मृत्यु भएमा त्यसलाई अशूभ मानिन्छ र त्यस्तो मरणलाई श्राम ठानिन्छ । मृत्यु भएको अविवाहित पुरुषलाई एक्लै अन्त्येष्टि गरिँदैन । मृतक पुरुषका लागि ऊ जस्तै अविवाहित कुनै मृतक महिलाको खोजी गरिन्छ । जब अविवाहित मृतक महिलाको लास फेला पर्दछ, तब ती शवहरुबीच बिहे गराइन्छ र दुबै शवलाई सँगै गाडिन्छ । यो परम्परालाई भूत विवाहको नामले चिनिन्छ ।

### कुरूप कुकुर

९ वर्षको जासा जासाले यस वर्षको दुनियाँकै कुरुप कुकुरको उपाधि जितेको छ । अमेरिकाको सनफ्रान्सिस्कोमा आयोजित कुरुप कुकुर प्रतियोगितामा इंगलिस बुलडग जातको यो ९ वर्षको कुकुर विश्वकै कुरुप कुकुर ठहरिएको हो ।

जासाले वर्षकै कुरुप कुकुरको उपाधि जितेसँगै यसका मालिक मेगन ब्रेइनार्डले १५सय डलर पुरस्कार हात पारिन् । मेगन मिनिसोटाकी बासिन्दा हुन् । मेगनले उक्त कुकुरलाई अनलाइनमार्फत खरीद गरेकी थिइन् ।

कुरुप कुकुर प्रतियोगितामा एक से एक विद्रुप स्वरुप भएका कुकुरहरु भिडेका थिए । कसैका भुत्ला खुइलिएको शरीर थियो त कसैको लमतन्ने



झुण्डिएको जिब्रो । आफ्ना विद्रुप कुकुर डोराउँदै मालिक(मालिक्नीहरु रेड कार्पेटमा हिंडे । निर्णायक मण्डलले कुकुरको कुरुपपनाको मूल्यांकन गरी सबैभन्दा कुरुप कुकुर छनोट गरेका थिए । स्मरणरहोस् गत वर्ष ५७ किलो तौल भएको मार्था नामक कुकुरले कुरुप कुकुरको उपाधि जितेको थियो ।

पछिल्लो ३० वर्षदेखि यो प्रतियोगिता भइरहेको छ । यसअघि शुक्रबार यो प्रतियोगिता हुने गरेकोमा अझै धेरै दर्शक आउन भन्नका लागि आयोजकहरुले योपटक शनिबार प्रतियोगिताको आयोजना गरे ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## क्रुर शासक



चिनियाँ धार्मिक गुरु कन्फ्युसियस आफ्ना चेलाहरुका साथ पहाडी मार्गको यात्रा गरिरहेका थिए । यात्राको क्रममा कन्फ्युसियस एक्कासी रोकिए । गुरु अचानक रोकिएपछि एक शिष्यले सोधे- 'गुरु के भयो किन रोकिनुभयो ?' कन्फ्युसियसले जवाफ दिए- यतै कतै एक महिला रोइरहेको आवाज आइरहेको छ । शिष्यहरुले वरपर नियाले । नभन्दै अलिपर एक महिला एक्लै रोइरहेकी थिइन् । कन्फ्युसियस ती महिलाको नजिक गए र सोधे- यस्तो अनकन्टार एकान्त स्थानमा तिमी किन एक्लै रोइरहेकी छौ ? ती महिलाले रुँदै बताइन्- मेरी एउटै मात्रै छोरीलाई अघि भर्खर चितुवाले खायो ।' कन्फ्युसियसले सोधे- अरु तिम्रा परिवार कहाँ छन् त ? महिलाले जवाफ दिइन्- पोहोर साल मात्र मेरो लोग्ने र छोरालाई पनि चितुवाले खायो । अब यो दुनियाँमा मेरो कोही छैन । महिलालाई कन्फ्युसियसले फेरि भने- यस्तो चितुवा लाग्ने ठाउँमा तिमी किन एक्लै बसेकी त ? 'म गाउँ जान्न । त्यहाँ क्रुर शासकले राज गरेको छ । त्यसको अन्त्य कहिले कसले गर्छ थाहा छैन । तर त्यो हिंस्रक चितुवाको अन्त्य मानिसहरुले चाँडै गर्नेछन् भन्ने विश्वास छ ।' महिलाको कुरा सुनिसकेपछि शिष्यहरुतिर हेर्दै कन्फ्युसियसले भने- बुझ्यौ, चितुवाभन्दा क्रुर शासक खतरा हुन्छ । क्रुर शासकलाई सबै जनता मिलेर सत्ताच्युत नगरेसम्म आम मानिसले अमनचैन पाउने छैनन् । निरंकुश शासनबाट जनताले मुक्ति पाउन क्रुर शासकको अन्त्य जरुरी छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। काम र व्यवसायबाट प्रशस्त लाभ हुनेछ। श्रमको उचित मूल्यांकन हुनाले आय बढ्नुका साथै उठ्नुपर्ने रकम हातलागी हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। साँझतिर अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन आफन्तबाट टाढिनुपर्ने हुन सक्छ।

### वृष

प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। पुरुषार्थद्वारा दिगो काममा जग बसाउने मौका छ। विशिष्ट व्यक्तिहरुसँगको भेटघाटले उत्साह जगाउनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। सामाजिक दायित्व बढ्नेछ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ। साँझतिर भने सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ।

### मिथुन

परिस्थितिवश अँटिको काममा विलम्ब हुनेछ। सहयोगको नाममा झुक्याउनेहरूले दुस्ख दिनेछन्। अस्वस्थताका बावजुद कामको जिम्मेवारी बढ्नेछ। तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ। साँझदेखि स्थितिमा सुधार आउनाले पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ।

### कर्कट

परिस्थितिवश चिताएको काम रोकिन सक्छ। सानोतिनो समस्याले अल्झाउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुपर्नेछ। अध्ययनमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ला। अप्ठ्यारो परिस्थितिमा काम रोकिन सक्छ। ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला। साँझदेखि स्थितिमा सुधार आउनाले जिम्मेवारी बढ्नेछ ।

### सिंह

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । तर मनोरञ्जन तथा लोकाचारका लागि फजुल खर्च हुन सक्छ । साँझतिर स्वास्थ्य प्रतिकूल रहनेछ। केही समस्या बढ्नाले सोचेजस्तो उपलब्धि प्राप्त नहुन सक्छ ।

### कन्या

विभिन्न भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । शत्रु र रोगबाट छुटकारा मिल्नेछ । आँटेको काममा प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । साँझदेखि यात्रा गर्ने अवसर जुट्नुका साथै अतिथिका रूपमा सम्मान पाइनेछ । गृहस्थी यात्रा रमाइलो रहनेछ ।

### तुला

व्याहारिक समस्याले योजना रोकिन सक्छ । कामको चाप बढ्नेछ भने स्वास्थ्यले त्यति साथ नदिने समय छ । मिहिनेतको नतिजा चितवुभ्दो नआउन सक्छ । तापनि लगनशीलताले लक्ष्यमा पुर्याउनेछ । साँझदेखि चुनौती चिर्दै काम बनाउन सकिनेछ । द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा गुमेको अधिकार स्थापित गर्न सकिनेछ ।

### वृश्चिक

पारिवारिक असमझदारीले काममा अप्ठ्यारो पर्न सक्छ । वेसुरमा काम गर्ने बानीले मेहनत खेर जानेछ। साझेदारीमा देखिने समस्याले पहिलेको सम्झौता भंग हुन सक्छ । ज्ञानको प्रचुरताले पनि काममा समस्या पर्न सक्छ । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । दिगो योजनामा अघि बढ्दा साँझदेखि लाभ मिल्नेछ । मानसिक चिन्ता बढ्नेछ ।

### धनु

नयाँ काममा हात हाल्ने समय छ। सानो प्रयत्नले पनि ठूलो काम बन्न सक्छ। कृषिकर्म र व्यावसायिक काममा मनग्गे लाभ हुनेछ। प्रशस्त धन आर्जन गर्ने मौका छ। पराक्रम र उत्साह बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदाको योग छ। प्रतिस्पर्धी परास्त हुनाले कामको बाधा हट्नेछ। साँझतिर घर(गृहस्थी रमाइलो रहनेछ। विश्वास गरेका व्यक्तिबाट भने धोका हुन सक्छ।

### मकर

आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हिसाब नमिल्नाले विवाद आउन सक्छ। परिवन्धले समस्या निम्त्याउने हुँदा आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला। विभिन्न अवसर प्राप्त हुनेछन् तर काम पूरा गर्न समस्या पर्नेछ। आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला। शुभचिन्तकहरूको साथ भने पाइनेछ। संकल्प पूरा गर्न लगनशील बन्नुपर्नेछ।

### कुम्भ

खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ। विशेष अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। तर प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुनेछन्। रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ। हल्लाको पछि लाग्दा दुस्ख पाइनेछ। प्रतीक्षित नतिजा उत्साहप्रद नहुन सक्छ। साँझदेखि अरूको भरपर्दा काम बिग्रन सक्छ ।

### मीन

व्यवसायमा लागत बढ्नेछ भने अनियन्त्रित खर्चले मन पिरोलिन सक्छ । नयाँ काम थाल्न केही समय प्रतीक्षा गर्नुपर्नेछ । पछिको फाइदाका लागि केही त्याग गर्नुपर्ला । वेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याए पनि लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । साँझतिर पारिवारिक जमघटले आनन्दित भइनेछ । तर, विवादास्पद जिम्मेवारी भने सम्हाल्नुपर्ला । काम गर्दा विचार पुऱ्याउनु होला ।

## "क्याप्टेन" रिलिज कहिले ?

सुपरस्टार अनमोल केसीका हरेक एक फिल्म दर्शकका लागि व्यग्र प्रतिक्षामा रहन्छ । लगातार पाँच सुपरहिट फिल्म दिएका उनी यस वर्ष नयाँ फिल्म 'क्याप्टेन' लिएर पुनः दर्शकमाझ पुर्‍दैछन् । यसमा उनी एक फुटबल खेलाडीको भूमिकामा देखिँदैछन् । दीवाकर भट्टराईको एक्सन कट रहेको यो फिल्ममा अनमोलले दुई नव(अभिनेत्री उपासना सिंह ठकुरी र प्रियंका एमभीसँग रोमान्स गरेका छन् ।

'क्याप्टेन' मा सुनिल थापा, प्रशान्त ताम्राकार, बिल्सन बिक्रम राई जस्ता कलाकारहरुको पनि अभिनय छ । भुवन केसी यसका निर्माता हुन् । फ्लोरमा जानु अगावैदेखि यो फिल्ममाथि हरेक एकको नजर छ । दर्शक पनि अनमोललाई पहिलो पटक फुटबल खेलाडीको रुपमा हेर्न आतुर छन् ।

तर, फिल्मको रिलिज अझै अन्योलमा छ । फ्लोरमा निस्कँदै गर्दा निर्माण टिमले फिल्मको रिलिज भदौ ८ गतेलाई लक गरेको थियो । 'क्याप्टेन' को सुटिङ अझै पूरा नभएका कारण यो मितिमा फिल्म रिलिज नहुने पक्का छ । भदौ ८ मा 'नाइ नभन्नु ल' को पाँचौ सिरिज रिलिज हुँदैछ ।

भदौ ८ नभए अब कहिले त रिलिज ? सिनेवृतमा 'क्याप्टेन' को रिलिज डेट भदौ २९ लाई तोकिएको चर्चा छ । तर, यस विषयमा निर्माण टिमबाट कुनै औपचारिक जानकारी प्राप्त भएको छैन । यसअघि अनमोलको पाँचौ फिल्म 'क' को पटक(पटक प्रदर्शन मिति फेरबदल हुँदा त्यसको असर व्यापारमा परेको थियो । यसकारण निर्माता भुवन केसी 'क्याप्टेन' को रिलिज डेट हतारमा घोषणा गरेर जोखिम नमोल्ने मनस्थितिमा छन् ।

दिनहुँको वर्षाका कारण 'क्याप्टेन' को सुटिङ असार अन्तिमसम्म सकिन पनि मुश्किल छ, जसले फिल्मको रिलिज झन् धकलिनेछ । भदौमा नभए यो फिल्मको रिलिज दशैं(तिहारपछि मात्र हुने फिल्मी पण्डितहरुको आँकलन छ ।

## "बाबु कान्छा" को गीत सार्वजनिक

एक समय नेपाली फिल्मका गीतमा शम्भुजित बाँस्कोटाको स्वर अनिवार्य हुन्थ्यो । उनले वजनदार आवाजमा भरेका सयौं गीतहरु अझै पनि कालजयी छन् । तर, पछिल्लो समय उनले गाएका गीतहरु निकै कम सुन्न पाइन्छ ।

अझ बाँस्कोटाले फिल्मका गीतमा आवाज नभरेको त धेरै समय भइसकेको छ । नेपाली फिल्मका गीतमा शम्भुजित बाँस्कोटाको स्वर खोजिरहेका धेरैका लागि एउटा खुसीको खबर छ । उनले असार २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'बाबु कान्छा' को शिर्ष गीत गाएका छन् ।

मंगलवार इन्टरनेट रिलिज भएको फिल्मको गीतमा 'मन बिनाको धन ठूलो कि ?' फेम्ड गायक तथा संगीतकार टंक बुढाथोकीले संगीत भरेका छन् । गीतको भिडियोमा अभिनेता सलोन बस्नेत र अभिनेत्री करिश्मा श्रेष्ठ फिचर्ड छन् । शोभित बस्नेतको निर्माण तथा निर्देशन रहेको 'बाबु कान्छा' मा सरोज खनाल, राजाराम पौडेल, लय संगौला, ऋतिक शाही, सम्राट सापकोटा, मञ्जु पौडेललगायतका कलाकारहरुको पनि अभिनय रहेको छ ।

यो फिल्मबाट अश्लिन ज्ञवाली र ज्योत्सना महर्जनले डेब्यू गरेका छन् । सञ्चारकर्मी रबि अधिकारी कार्यकारी निर्माता रहेको 'बाबु कान्छा' मा सन्तोष राज भण्डारी र सुरज घिमिरे सह(निर्माताको रुपमा रहेका छन् । बाबु श्रेष्ठ र कृष्ण श्रेष्ठको छायांकन रहेको फिल्ममा रामजी लामिछाने र दिपेन्द्र तिमिल्सिनाको कोरियोग्राफी छ ।

## २ वटा विशेष चलचित्र पुरस्कृत

चलचित्र विकास बोर्डको १८ औं बार्षिकोत्सवमा दुईवटा विशेष फिल्मलाई पुरस्कृत गरिएको छ । शिवम् अधिकारी निर्देशित फिल्म 'पञ्चायत' र घनश्याम लामिछानेद्वारा निर्देशित फिल्म 'अग्नी दहन' लाई बोर्डले पुरस्कृत गर्दै विदेश प्रदर्शनका लागि सबटाइटिल गर्न २ लाख नगद समेत प्रदान गरेको छ ।

शनिवार सम्पन्न बार्षिकोत्सवमा विकास बोर्डले आफ्ना भावी कार्ययोजना समेत प्रस्तुत गरेको छ । बक्सअफिस प्रणालीलाई आर्थिक वर्ष २०७५/७६ भित्रै लागू गरिने, सोही आर्थिक वर्षभित्र राष्ट्रिय चलचित्र विकास नीति लागू गरिने, नेपालको पहिलो फिल्म 'आमा' र पहिलो रंगीन फिल्म 'कुमारी' लाई डिजिटलाइजेसन गरेसँगै पुनः प्रदर्शन गरिने बोर्डको भावी कार्ययोजना भित्र छ ।

यस्तै, तत्कालिन शाही नेपाल चलचित्र संस्थानबाट निर्माण भएका १६ वटा फिल्महरुलाई चलचित्र महोत्सवद्वारा प्रदर्शन गर्ने योजना बोर्डले अघि सारेको छ । बोर्डले बार्षिकोत्सव कार्यक्रममा महिला निर्देशकको पुरस्कार दिपाश्री निरौलालाई प्रदान गरेको छ ।

## "दशा" सार्वजनिक

काठमाडौं । गायिका गायत्री थापा तीज कोसेली 'दशा' गीत लिएर आएकी छन् । हरितालिका तीजको अवसर पारेर सार्वजनिक गीत गायिका शान्ति श्री परियार र जया देवकोटाको आवाजमा सजिएको छ । गीतका शब्द भने गायत्री थापाका हुन् । जय देवकोटाको लय रहेको गीतको म्युजिक भिडियो पनि सार्वजनिक भएको छ । भिडियोमा जय देवकोटा, गायत्री थापा, भरत शाह, रमा थपलिया र सुरवीर पण्डितलगायतको अभिनय छ ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Knell = घन्टको आवाज । ध्वनी This knell indicates that someone has passed away (यो घन्टको ध्वनीले कसैको मृत्यु भएको संकेत गर्दछ)

Luscious = वासना र स्वाद दुवै भएको The apples from Jumla are luscious (जुम्लाको स्याउ स्वादिलो र वासनादार हुन्छ)

Mitigate = फुल्याउनु । कम गर्नु । शान्त गर्नु Only his mother can mitigate his anger (उनकी आमाले मात्र उसको क्रोध शान्त गर्न सक्छिन्)

Numismatist = सिक्का संग्रहकर्ता His uncle was a famous numismatist -उसका काका प्रख्यात सिक्का संग्रहकर्ता थिए)

Overwrought = छिट्टै आवेशमा आउने He is too overwrought, so do not tell him that tragedy immediately (ऊ छिट्टै आवेशमा आउने हुँदा उसलाई दुखान्त कुरा उत्तिनखेरै नसुनाउनु)

Piety = भक्त । ईश्वरप्रति आदरभाव भएको Mother Teresa is an example of piety (मदर टेरेसा भक्ति र आस्थाकी नमुना हुन्)

Quench = शान्त पार्नु । नियन्त्रणमा लिनु । He emptied the entire bottle of water to quench his thirst (तिर्खा शान्त गर्न उसले पूरै बोतल पानी रित्यायो)

Repudiate = स्वीकार गर्न मञ्जुर नगर्नु I can not repudiate the debt taken by my brother (मेरो भाइले लिएको ऋण स्वीकार गर्न म सक्तिन)

Shard = फुटेका माटाका भाँडाका टुक्राटुक्री Shards of ancient vessel can be of importance to the archaeologist (पुरातत्वविद् हरूका लागि प्राचीन घैटाका टुक्राहरू महत्वका विषय हुन सक्छन्)

Typhoon = तातो हावा, लु Every year typhoon claims hundred of lives in Africa (वर्षैपिछे आउने तातो हावाको लहरले अफ्रिकामा हरेकको ज्यान लिन्छ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

सहरको पिउने पानीमा मुख्य रूपले शुद्धीकरणका लागि के मिसाएको हुन्छ ?
- क्लोरिन

भारतको कुन ठाउँमा मौसम सधैं एकनाश रहन्छ ?
- बम्बई

फिल्ममा सानो चित्रलाई ठूलो गरेर देखाउने यन्त्रलाई के भनिन्छ ?
- सिनेमेटोग्राफी

टाढाको वस्तुको उचाइ नाप्ने यन्त्रलाई के भनिन्छ ?
- सेक्सटेन्ट

एड्स रोगको पहिलो सिकार हुने व्यक्ति को हुन् ?
- अमेरिकी अभिनेता राक हडसन

विश्वको सबभन्दा धेरै गर्मी हुने स्थल कहाँ छ ?
- अल अजोजियाह, लिबिया

कफीको उत्पादन सर्वप्रथम कुन देशमा भयो ?
- द.इथोपिया, १८५०

चियाको उत्पादन सर्वप्रथम कुन देशमा भयो ?
- चीन

धेरै मात्रामा भिटामिन सी कुन फलमा पाइन्छ ?
- मलपिगिया

कास्टिक सोडाको रसायनिक सूत्र के हो ?
- सोडियम हाइड्रो अक्साइड

रेबिज कुन २ जनावरले टोकेपछि हुन्छ ?
- पगल कुकुर र बिरालो

जोर्डन देशको राष्ट्रिय भाषा के हो ?
- अरबी

उचाइ नाप्ने यन्त्रलाई के भनिन्छ ?
- अल्टिमिटर

नोबेर पुरस्कार कतिवटा विषयमा वितरण हुन्छ ?
- ६

विश्वको सबभन्दा ठूलो फूल हुने बिरुवालाई के भनिन्छ ?
- गफ्लेसिया

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Going to = लाग्नु We are going to do this work हामी यो काम गर्न लाग्दैछौं ?

Go all out for = लागेको अवस्थामा हुनु His party is going all out for victory in election उसको दल चुनाव जित्नै लागेको अवस्थामा छ ।

Go enough with = पर्याप्त हुनु, पुऱ्याउन सक्नु We can not go enough with Rs. 300 per day दिनको ३०० रुपैयाँले हामी पुऱ्याउनै सक्तैनौं । दिनको ३०० रुपैयाँ हाम्रा लागि पर्याप्त हुँदैन ।

Go for nothing = खेर जानु All her attempt to go abroad went for nothing विदेश जाने उनका सबै प्रयत्न खेर गयो ।

Go for someone = चिनाउन । विकाउन She is beautiful, active and inttelligent, so does she have a lot going for her तिनी सुन्दरी सक्रिय र इमान्दार छिन्, ती कुरा नै काफी छन् उनी आफूलाई चिनाउन ।

Go something = केही न केही हुनु As our team has scored once more again, there go our chances of winning हाम्रो टिमले फेरी अंक बढाएको छ, अब विजय हासिल गर्नेतर्फ केही न केही हुन्छ ।

Go out = निस्कनु Every evening he goes out for drinking हरेक साँझ ऊ पिउन निस्कन्छ ।

Go out of something = बाहिरिनु I went out of match already after first round पहिलो राउण्डबाट नै म प्रतियोगिताबाट बाहिरिएँ ।

Go out to = तिर लाग्नु Our grand father went out to England already before 40 years हाम्रा हजुरबा ४० वर्षअघि नै बेलायततिर लागे रे ।

Go out of somebody = संलग्नता नहुनु All the incidents seemed to go out of him सबै घटना उसको संलग्नताविना नै घटेको देखिन्छ ।


## सुडोकु-अंक १०९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | | | | | १ | |
| ३ | | | ४ | ७ | ६ | | | ५ |
| ६ | | | | | | | | ४ |
| | | ३ | | १ | | ६ | | |
| | ६ | | ७ | | ३ | | ५ | |
| | | २ | | ९ | | १ | | |
| २ | | | | | | | | ८ |
| ७ | | | ८ | ४ | १ | | | ३ |
| | ५ | | | | | | ९ | |

## अंक १०८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | ८ | ९ | ४ | २ | ५ | ६ | ३ |
| ४ | ६ | ५ | ८ | ७ | ३ | २ | १ | ९ |
| ९ | ३ | २ | ६ | १ | ५ | ४ | ८ | ७ |
| ३ | ७ | ४ | १ | ९ | ८ | ६ | २ | ५ |
| ५ | ८ | ९ | ७ | २ | ६ | ३ | ४ | १ |
| १ | २ | ६ | ५ | ३ | ४ | ९ | ७ | ८ |
| ८ | ४ | ७ | २ | ५ | ९ | १ | ३ | ६ |
| ६ | ९ | ३ | ४ | ८ | १ | ७ | ५ | २ |
| २ | ५ | १ | ३ | ६ | ७ | ८ | ९ | ४ |

# बाल विकास कतै तालिम कतै अन्तर्क्रियामा













## दातासँग अन्तरक्रिया

बाल विकास समाजले Friends of Nepal Adelaide Inc.-Australia का एक टोलीसँग अन्तरक्रिया गरेको छ । Friends of Nepal Adelaide Inc.-Australia को सहयोगमा काभ्रे जिल्ला पाँचखाल नगरपालिका वडा नं. १२ मा स्वरोजगार शिक्षा कार्यक्रम अन्तर्गत जरेटार र तीनघरेमा संचालन गरिरहेको छ । "महिला स्वरोजगार : बाल विकासको पूर्वाधार" भन्ने नाराका साथ संचालित यस कार्यक्रममा २ वटा कक्षा तथा समूहका नियमित कार्यहरु संचालनमा छन् ।

निरक्षर तथा सामान्य साक्षर, आर्थिक रुपले पछाडि परेका तथा विपन्न वर्गका महिलाहरुको साक्षरतासँगै आर्थिक रुपमा समेत सशक्तिकरण गर्ने उद्देश्यका साथ यस कार्यक्रम संचालन भइरहेको हो । विशेषत: दनुवार समुदायका महिला सशक्तिकरण गरी बालबालिकाको अधिकार सुनिश्चित गर्न आमाहरुलाई सक्षम बनाउने यस कार्यक्रमको लक्ष्य रहेको छ ।

्सोही परियोजना अनुगमनका लागि आएका Friends of Nepal Adelaide Inc.-Australia का अध्यक्ष सहितको टोलीसँग बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाल तथा सिनियर मेनेजमेन्ट टिमकाबीच अन्तरक्रिया भएको हो । उक्त अन्तरक्रिया कार्यक्रममा बाल विकास समाजको अहिले सञ्चालित परियोजना तथा आगामी दिनमा सञ्चालनमा आउने कार्यक्रमको बारेमा छलफल गरिएको हो । कार्यक्रममा संस्थाका सबै अवस्थाको बारेमा जानकारी गराइएको थियो । साथै उनीहरुले दिवा शिशु स्याहार केन्द्रमा रहेका बालबालिकाहरुको बारेमा पनि कुराकानी भएको थियो । मजदुरका बालबालिकाहरुलाई दिएको यस प्रकारको सहयोगले बालबालिकामा सकरात्मक प्रभाव परेको हुनाले संस्थाको कामको प्रशंसा गरेका थिए । त्यसैगरी Friends of Nepal Adelaide Inc.-Australia का अध्यक्षले बाल विकास समाजसँग काम गर्ने इच्छा व्यक्त गर्नु भएको थियो ।

## किशोरकिशोरीहरुलाई नवौं जीवनोपयोगी सीप तालिम

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत जनकल्याण उच्च माद्यामिक विद्यालयका किशोरकिशोरीहरुका लागि सञ्चालन भइ रहेको जिवन उपयोगी सीप तालिमको सातौ हप्ता सम्पन्न भएको छ । उक्त तालिममा समालोचनात्मक सोचाइका बारेमा छलफल भएको हो । तालिममा सहभागी भएका किशोरकिशोरीहरुले सृजनात्मक सोचाइका बारेमा सिक्न पाउदा खुशी लागेको कुरा बताएका थिए ।

संस्थाले तालिममा जीवन उपयोगी सीपका १० वटा विषयका बारेमा हरेक हप्ताको शनीबार छलफल चलाइरहेको छ । यसबाट सहभागीहरुलाई जीवन उपयोगी सीपका बारेमा थाहा पाउनुका साथै आफ्नो दैनिक जीवनमा सिकेका कुरालाई कसरी लागू गर्दै लाने भन्ने सम्बन्धमा पनि उपायहरु सिकाउनु उनीहरुका लागि महत्वपूर्ण हुन्छ । यसैले सहभागीहरुलाई हरेक विषयमा ३ देखि ४ घन्टा छलफल गराइन्छ । विद्यालयको समन्वयमा सन्चालित यो तालिमले किशोरकिशोरीहरुलाई सकरात्मक परिवर्तनको मार्ग देखाएको छ । नवौं चरणको तालिममा समस्या समाधानका बारेमा छलफल गराइएको थियो । तालिममा किशोरकिशोरीहरुले सक्रियता पूर्वक सहभागिता जनाएका थिए । विशेषगरी किशोरावस्थामा तनावलाई व्यवस्थापन गर्न सकिएन भने विभिन्न जोखिमपूर्ण व्यवहारमा लाग्न सक्ने हुनाले पनि यो तालिमलाई महत्वका साथ लिइएको हो ।

## बालबालिकाहरुलाई दिवा खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाकोबाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको छ । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाजसेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसैगरी संस्थाक आजीवन सदस्य कुमार अधिकारीले आफ्नी छोरी आचल अधिकारीको जन्म दिनको अवसरमा बालबालिकाहरुलाई दिवा खाजाका लागि सहयोग गर्नु भएको हो । उहाँले संस्थालाई रु ५००० रकम सहयोग गर्नु भएको थियो । उहाँले आगामी दिनमा यस सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ ।

**गोविन्द वि क**

## कवितामा रोपाइँ







आरम्भले आफ्नो ७५ औं शृङ्खला रोपाइँ विशेष भव्य रुपमा मनायो । कति कविले असारे भाकामा हल घन्काए । वरिष्ठ गजलकार ज्ञानुवाकर पौडेल, वरिष्ठ हास्यकवि चट्याङ मास्टर, वरिष्ठ साहित्यकार पुस्कर लोहनी, सिस्नोपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेको विशेष आतिथ्यता भएको उक्त कार्यक्रममा पूर्व राजदुत प्रह्लाद प्रसाई लगायत अतिथि थिए ।

आरम्भका अध्यक्ष तथा हाब्यकवि प्रेम ओली ढकलपुरेको अध्यक्षतामा भएको सो कार्यक्रममा स्रष्टाहरु जीवराज बुढाथोकी, रुद्र अधिकारी, राजन न्यौपाने, गोपाल नेपाल, प्रभाकर पाण्डे, लक्ष्मी प्रसाईं, निर्मल पराजुली, रविन्द्र आशिश शैली, शर्मिला कार्की, रामकृष्ण शर्मा, दामोदर नेपाल, थरेन्द्र बराल, निर्मला मिस्रा, राधा पाण्डे, रीता खतिवडा, गोपीकृष्ण प्रसाईं, बलराम सापकोटा, सरिता थापा मगर, सीता अधिकारी, सानु शर्मा, जनार्दन धड्कन अधिकारी, ऋचा, मुकुन्द न्यौपाने, सविता बस्नेत, ओजस्वी गौतम, उर्मिला पन्त, महेश रिजाल, सुन्दरबहादुर खड्का, लगायतले कविता, गीत, गजल, मुक्तक र चुटकिला प्रस्तुत गरेका थिए भने कवि विमला दहालले कार्यक्रम संचालन गरेकी थिइन् ।

## राजाका...

सदस्यीय व्यवस्थापन समिति समेत गठन गरिएको र सो समितिमा राधेश्याम अधिकारी सदस्य सचिव रहेको जनाइएको छ ।

राजतन्त्र रहँदा एक राजा मात्र रहेको अवस्थामा कंगाल देशको कमाइले राजतन्त्र धान्न सकिदैन भनेर नेपाली जनताले आन्दोलन गरी गणतन्त्र त ल्याए तर यस गणतन्त्रमा बनेका नयाँ राजाहरुको खर्च सयौं गुणा बढेको अवस्थामा गणतन्त्रप्रति नेपाली जनताको आश मर्दै गएको त होइन भनी प्रश्न उठिरहेको बेला राजाको जन्मोत्सव मनाउन ठूलै भीड जम्मा हुनुले कतै नेपालको गणतन्त्रले फ्रान्सको नियति भोग्ने त होइन भनी विश्लेषण हुन थालेको छ । स्मरण रहोस फ्रान्समा गणतान्त्रिक नेताहरुको असक्षमताको कारण तेस्रो गणतन्त्रपछि मात्रै गणतन्त्र सदाको लागि संस्थागत भएको थियो ।

## निर्देशित...

अनसन बसेकी छन् । सर्वोच्च अदालतको निर्णय कार्यान्वयन नहुनु भनेको कानुनी राजको उपहास गरिनु हो । द्वन्द्वकालमा माओवादीले कृष्णप्रसादको निर्मम हत्या गरेका थिए । छोराका हत्यारालाई कारबाहीको दायरामा ल्याउन माग गर्दै यसअघि नन्दप्रसाद अधिकारीले आमरण अनसनमै प्राण विसर्जन गरिसकेका छन् । गंगामायाको स्वास्थ्या स्थिति दिनानुदिन नाजुक बन्दै गइरहेको छ । अपराधीलाई जेलमा कोच्न किन चाहँदैन ओली सरकार ? कृष्णप्रसादको हत्यालाई राजनीतिक मुद्दा ठानिनु घोर आपत्तिजनक छ । द्वन्द्वकालमा माओवादीले यस्ता आपराधिक घटना दर्जनौं घटाएका छन् । सबै अपराधको छानबिन हुनुपर्छ र अपराधीले कानुनी सजाय पाउनुपर्छ । कानुनभन्दा माथि कोही पनि हुँदैन ।

महँगीले जनताको ढाड सेकिरहेको छ । बजेटलाई कारण देखाएर व्यापारीहरुले खाद्यान्न, तेलहन, तरकारी लगायत सबै दैनिक उपभोग्य वस्तुहरुको मूल्यवृद्धि गरेका छन् । बजार अनुगमन गर्ने र काला व्यापारीहरुलाई कारबाही गर्न सरकार उदासीन देखिएको छ ।

चुनावका बेला राजनीतिक दल र तिनका नेताले व्यापारीहरुसँग कुस्त चन्दा लिएका कारण यस्तो महँगी बढेको हो । महँगीविरुद्ध जनता सडकमा उत्रन्छन् भनेरै सरकारले अगाडि नै निषेधित क्षेत्र घोषणा गरेको हो । लोकतन्त्रमा सरकारको कार्यशैलीको विरोधमा जनताले शान्तिपूर्ण रुपले आन्दोलन गर्ने अधिकार राख्छन् । तर सरकार यस्तो अधिकारलाई कुण्ठित गर्न खोज्दैछ । तोकेका ठाउँमा मात्र विरोध प्रदर्शन गर्नुपर्ने फासिवादी नीति सरकारले अख्तियार गरेको छ । सरकारलाई चुनौती दिँदै नेविसंघले माइतीघर मण्डलामा निषेधित क्षेत्र तोडेको छ । राष्ट्रिय सभामा पनि नेपाली कांग्रेसले संविधान विपरीत निषेधित क्षेत्र तोकिएको र डा. गोविन्द केसी र गंगामायाको मागलाई बेवास्ता गरेको भन्दै थर्काएको छ । कांग्रेसले सडक र सदन दुवै तताउन थालेको छ । तर दुईतिहाईको दम्भ पालेको वाम सरकार भने एर्दोगान पथतिर अग्रसर देखिएको छ ।

नेत्रविक्रम चन्द विप्लव समूहको कार्यक्रममा हस्तक्षेप गर्ने, सो समूहका कार्यकर्ताहरुलाई अकारण गिरफ्तार गर्ने कार्य सरकारले गरिरहेको छ । विप्लव समूहले सरकारी रवैयाको तीव्र विरोध गर्दै आन्दोलनमा उत्रने चेतावनी सरकारलाई दिइरहेको छ । विप्लव नेतृत्वको नेकपाले संसदीय व्यवस्थाको विकल्प दिन्छौं भन्दै सशस्त्र युद्धको समेत तयारी र अभ्यास गरिरहेको छ । विप्लव समूहसँग हतियारसहितका हजारौं लडाकुहरु छन् । एकातिर कांग्रेस लगायत अन्य वामघटकहरु सरकारी कार्यशैलीका खिलाफमा सडकमा उत्रिँदैछन् भने विप्लव समूहले हतियार उठाउँदैछ । यस्तो मौजुदा अवस्थाले फेरि अर्को जनआन्दोलनको संकेत गरिरहेको छ । सरकारका गतिविधिहरु जति लोकतान्त्रिक समाजवाद विरोधी हुँदै जाँदैछन् त्यसले निर्वाचित सर्वसत्तावादको खतरालाई बढाउँदै लगेको छ ।

अर्कातिर समृद्धिको सपना देख्ने आम जनता सरकारको काम कारबाही देखेर घोर निराशा बनेका छन् । जनजीविकाका झिनामसिना विषयलाई पनि सरकारले सम्बोधन गर्न सकेको छैन । निर्वाचित जनप्रतिनिधिहरु गाडी, मोटरसाइकल खरिदतिर केन्द्रित देखिन्छन् । २ करोड ७० लाखको मर्सिडिज बुलेट प्रुफ गाडी हुँदाहुँदै प्रधानमन्त्री ओली २ करोडको अर्को नयाँ बुलेटप्रुफ गाडी मगाउँछन् । महँगा विलासी गाडीमा ओलीको समाजवादको यात्रा मार्क्स-लेनिनको लोकतान्त्रिक समाजवादसँग मेल खाँदैन । पोलपोट, स्टालिनको निर्देशित समाजवादतर्फ ओली अघि बढिरहेका हुन् कि भन्ने आशंकाले घर गर्नु स्वाभाविक छ । भूकम्पपीडित र बाढीपीडित जनताको आर्तनाद नसुन्ने यो सरकारलाई वामपन्थी सरकार भन्नु व्यर्थ छ ।

## देशैभर...

लेनिनवादी पार्टी नभएर कम्युनिस्ट नामधारी बुर्जुवा समाजवादी पार्टीमा अधपतित भएको पार्टी हुनेछ भन्नुभयो । मैनालीले नेकपाले फैलाएको भ्रमबाट मुक्त भएपछि सच्चा सिद्धान्तनिष्ठ कम्युनिस्टहरु नेकपाको चंगुलबाट बाहिर निस्किने बताउनुभयो ।

महासचिव मैनालीले नेकपा मालेले देशको आमूल परिवर्तनको लागि सामाजिक अर्थतन्त्रको विकासमा जोड दिन्छ भन्दै सामन्तवाद, दलाल पुँजीवाद, नोकरशाही पुँजीवाद, विस्तारवाद तथा प्रभुत्ववाद र नवउपनिवेशवाद विरुद्ध संघर्ष गरेर सामाजिक पूँजीको विकास गरी आर्थिक विकासको मूल आधार तयार गर्ने दिशामा पार्टीले आफ्नो अभियान अघि बढाउँछ भन्नुभयो ।

बैठकमा महासचिव मैनालीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन पारित भएपछि सातैवटा प्रदेश कमिटीको तर्फबाट र प्रवास कमिटीको तर्फबाट समेत प्रतिवेदनहरु प्रस्तुत गरिएका थिए । बैठकमा बजस मोर्चाका गतिविधिहरुको समीक्षा गर्नुका साथै बजस मोर्चालाई थप सक्रिय र गतिशील बनाएर लैजाने निर्णय गरियो । पार्टीले संकल्प अभियान २०७५ का नाममा पार्टीका रचनात्मक गतिविधि अघि बढाउन एक महिनासम्म विभिन्न कार्यक्रमहरु गर्ने निर्णय गरेको छ । पार्टीका स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय कमिटीका नेताहरुलाई संख्या तोकेरै सदस्यता विस्तार र जिल्ला कमिटी, स्थानीय कमिटी विस्तारको लागि जिम्मेवारी दिने निर्णय बैठकले गरेको छ ।

नेकपा मालेले विचार मिल्ने विभिन्न कम्युनिस्ट पार्टीहरुसँग एकताका लागि वार्तालाई निरन्तरता दिने भएको छ । यसैगरी बैठकमा सत्ताधारी नेकपाले सुविधाजनक बहुमत हुँदाहुँदै दुईतिहाई पुऱ्याउन गरेको प्रयासलाई गम्भीरतापूर्वक लिएको छ । दुईतिहाईको बलमा हुन सक्ने राष्ट्रघाती ढंगको संविधान संशोधनप्रति चनाखो रहने र खबरदारी गर्ने निर्णय पनि पार्टीले गरेको छ । बैठकले पोलिटब्युरो बैठकका निर्णयहरु अनुमोदन गर्नुका साथै भावी आन्दोलनका रणनीतिहरु तय गरेको छ । सबै तहको संसदीय भूमिकाबाट पार्टी बाहिरिए पनि रचनात्मक प्रतिपक्षको भूमिका निभाउन सबै तहका सरकारको गतिविधि र विकासका कार्यक्रममा पार्टीले निगरानी बढाउने भएको छ ।

## इपीजी...

दुवै देशले सम्बन्धलाई थप हार्दिकतापूर्ण बनाई आपसी सहयोग अभिवृद्धिको नयाँ नीति तय गर्ने बताइरहँदा नेपालको चासो रहेको सन्धिका असमान विषय हल कसरी हुन्छ भन्ने अहं विषय हो । प्रतिवेदन बन्दैमा कार्यान्वयन हुने होइन । दुवै देशका परराष्ट्रमन्त्री र दुवै देशका परराष्ट्र सचिवस्तरीय घनीभूत छलफलले सार्थक परिणाम निकाल्ने आशा गर्न सकिन्छ । दुवै देशका प्रधानमन्त्रीले नयाँ शिराबाट परापूर्वदेखिको आपसी सम्बन्धलाई नयाँ उचाइ दिने बनाइसकेका छन् । कुन विषयलाई कसरी कार्यान्वयन गर्ने भन्ने मोडालिटी तय नभएसम्म प्रतिवेदन तयारले मात्र कुनै अर्थ राख्दैन ।

सन् १९५० को सन्धि नेपालमा लामो समयदेखि बहसमा छ । तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले भारत भ्रमणमा यो सन्धि पुनरावलोकनका लागि भारतीय समकक्षीसँग पहिलो पटक औपचारिक रुपमा कुरा राखेका थिए । पछि डा.बाबुराम भट्टराई प्रधानमन्त्रीका रुपमा भारत जाँदा सन्धि सम्झौता र सम्बन्धको पुनरावलोकनका लागि प्रबुद्ध समूह गठन प्रस्ताव गरेका थिए । जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पहिलो पटक नेपालको औपचारिक भ्रमणमा आए प्रबुद्ध समूह गठन गर्ने सहमति बनेको थियो । भारतले आतंकवाद नियन्त्रण लागूपदार्थ ओसारपसार, सीमा नियमन जस्ता विषयलाई प्राथमिकतामा राख्दै आएको छ । नेपाल भारत दुवैको चासो समाधानको मध्यमार्गी बाटो प्रबुद्ध समूहले तय गरेको बताइन्छ ।

प्रबुद्ध समूहले सो प्रतिवेदन पहिले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बुझाउँदैछ । त्यसपछि प्रधानमन्त्री केपी ओलीलाई प्रतिवेदन बुझाउनेछ । नेपालको सर्वाधिक चासो रहेको १९५० को शान्ति तथा मैत्री सन्धिलाई परिमार्जन गर्न समूहले कस्तो सुझाव दिएको छ, त्यो प्रकाशमा आएको छैन । राणाकालीन अन्तिम प्रधानमन्त्री मोहनशमशेरले आफ्नो सत्ता आयु लम्ब्याउन भारतसँग असमान सन्धि गरेका थिए । सामान्यतया शान्ति तथा मैत्री सन्धि युद्धको अवस्थामा हुने गर्छ । नेपाल र भारतबीच कुनै प्रकारको युद्ध नै नभई शान्ति तथा मैत्री सन्धिमा नेपाललाई हस्ताक्षर गराउनु तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुको दादागिरी थियो । यही सन्धिपछि भारतले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्दै आएको छ । नेपालमा सुक्ष्म व्यवस्थाापन चाहने भारतीय मुरादलाई प्रतिवेदनमा कसरी सुझाव दिइएको छ, त्यो सर्वाधिक चासोको विषय छ । सन् १९५० को सन्धिको धारा ८ मा उल्लेख छ- यो सन्धिले नेपाल र ब्रिटिस भारतबीच भएका सबै सन्धि सम्झौता प्रतिज्ञापत्रलाई खारेज गरेको छ । यो धाराले सन् १८१६ को सुगौली सन्धि, खारेज गरेको भए पनि भारतले कार्यान्वयन गरेन । यदि यो कार्यान्वयन हुन्थ्यो भने नेपालको सीमा पूर्व टिस्टा र पश्चिम काँगडा कायम हुन्थ्यो ।

नियात्रा

# बेलायतको सेरोफेरो-२५

खोमदत्त बराल

उनलाई फिर्ता पठाएर बस स्टपमा पुग्यौ । बस स्टपमा बस आइ पुग्न केही समय लाग्यो । बेलायतमा बस समयमा नै हिड्छ । हामी कटुवालजीको पौरख फलिफापको बयान गर्दै रहँदा बस पनि आइपुग्यो । बस पार्कबाट पन्ध्र मिनेट नवित्दै वास्थान पुगिथ्यो । समय वित्दै रात गरिरिदै थियो । हामी पनि आफ्नो दिनभरीको थकावटलाई विसाउन पट्टि लाग्यौ । राती रम्ररी सुत्न नसक्नेले दिनको काममा पनि राम्ररी सम्पादन गर्न सक्दैन रे । उखान पनि हो यथार्थ पनि ।

जाने दिनको मेघा गरियो । केसिन्ङ दरवार नटिङ्ग हिल तर्फ घुम्ने धेरै दिनको चाहना निक्ष्टाराको दिन बन्यो । तर ड्रेनले विचैमा आफू जाने नसक्ने घोषणा गऱ्यो । आफू मुरमुरिदै टेसन बाहिर निस्कियौ । नटिङ्ग हिल जाने गाडी खोज्न छोरी एकातिर लागिन । असिम बाबु अर्कातिर । बसको निधो भयो । २७ नं को बस नटिङ्ग हिलतिर लाग्यो । विस्तारै बजारको बाटो अघि बढ्यो । असिम बाबु मावाइलमा हेरेर पुग्नु पर्ने स्थान यकिन साथ पत्ता लगाउन सक्दो रहेछन् । आफूलाई नेपाली राजदुतावासमा पुग्ने इच्छा थियो । आफू श्रीलंकामा भएकै बेलामा राजदूतावास खुलेको थियो । त्यहाँ राजदूतावास खोल्न मैनालीजी पुग्नु भएको थियो । अठाह्र वर्ष भयो नाम सायद विर्सियो कि । अर्जुन जस्तो लाग्छ । विदेश मात्रका दोश्रो पढाव डेनमार्कमा थियो । त्यति बेला डेनमार्कमा राजदूतावास खोलेको थिएन । डेनमार्कमा पनि यति वेला राजदूतावास पनि खुलेको छ । चिनेकै साथी विजयार्स राजदुत छन् क्यारे ।

बेलायतमा आएको बेला राजदूतावास हर्न चाहना राख्नु स्वभाविक पनि थियो । खोज्दै जाँदा दूतावासहरुको लाइनमा नेपालको राजदूतावास १२ नं. को घरमा विद्यमान पाइयो । अघि बढेर भित्र पसियो । अलि अघि बढना साथ भुइ तलामा नै नाम मूसालजीलाई देखियो । अभिवादन साथ काठमाण्डौबाट आइएको । राजदूतावास पनि हेर्न मानसाय व्यक्त भयो । कोठा खोलेर भित्र आउनु भन्ने भएको इसारालाई सम्मान जाहेर गर्दै ढोका ठेल्यो । भित्र पस्न पाइयो । निज भूसालको कोठा खोज्दै पुगिाये । फेरि अभिवादन साथ हातको मिलाप भयो । अर्का एकजना मिल्ट्री स्टाचि पनि भेट भए । भुसालजीले आगन्तुक प्रतिक्षालयमा पुऱ्याए । उनी पनि केही छिन बसे । कोठा सामान्य थियो । सोफा थ्याच पसि सकेको रहेछ । नेपालको सरकार प्रशासकहरु जस्तै काम चलाउ मात्र रोनक विहिन । सुन्दरतामा ह्रास भएको । आकर्षण विहिन प्रतिक्षालय । वस्न पनि धेरै बसेर कर्मचारीको काममा बाधा पुऱ्याउन उचित भएन । हामीले हतार गरेर बाहिर सिस्कन चाहौं । भुसालजी पनि उठे । यदी तिम्रा मानिस भएमा घुमाइ दिए राम्रो त भन्ने आग्रह गरियो । तर उनले सुनेको कुरालाई बेवास्ता गरेरै ढोका खोलिदिए । हामी बाहिर निस्केर यात्रा देशका ठूला कर्मचारीलाई बाटो निर्देश गर्ने मन्दिर र मन्दिरमा विराजमान सर्वशक्तिमान देवताको दर्शनको बाटो समातौं । सिधै मन्दिरतिर गयौ । बाटोको अवस्था सायद राष्ट्रिय पर्वहरुमा पाहुनाहरुलाई चियापान गराउने बनाइएको पिच गरिएको आँगन काठमाण्डौको बाटो जस्तो थोत्रो भैसकेको देखियो । यस ठाउँमा पिच भएको रहेछ भन्ने सुचना मात्र पाउन सकिन्छ । सायद, यो प्यारापिट बनाउने ठेकेदार पनि नेपाल कै पोख्त ठेकेदार होला होलान भनेर अनुमान गर्न गारो परेन ।

मन्दिरका देवतालाई प्रणाम गरियो । राडी ओछ्याइ रहेको । वास्तवमा पूजा गरेर एक क्षण प्राणायम गर्न वस्दा शान्त र आनन्द आउने थियो होला । एकान्तस्थान ध्यान प्राणायम र जपतपलाई अति महत्व मानिन्छ । एकाग्रताले सबै तत्व खुल्छन् रे । अद्यानमा बस गई सब तत्व खुल्छन् भन्ने देवकोटा यहाँ पुगेनन् होला । तर राजदुतावासको भव्य महल जिर्णोद्धार भए पनि बाहिर पट्टि सफा सुग्घर थिएन । झुल फ्याकिरहेको देखियो । अरु पनि फोहोर नै फोहोर रहेको । राम्ररी रंग पनि लगाउन नसकेको । भित्र पट्टि माथिल्लो कोठातिर जान पाइएन । थाह हुन सकेन । सुग्घर सफाइलाई उत्ति ध्यान दिन सकेको पाइएन । गर्न सक्ने काम पनि उचित र पोख्त पाराले नगरेकोले नेपाल सरकाका सच्चा प्रतिनिधिको स्वरुप प्रदर्शन भए जस्तो लाग्यो ।

दुतावास एरिया निश्चय पनि उद्यस्थानमा जंगल मंगलको मन मोहक आनन्ददायक स्थानमा रहेछ । बाटो वरिपरि र वासस्थानको छेउछाउ राम्रो छ । वास्तवमा चित्तोकर्षक पनि छ । हामी पनि प्रशस्त ठगाइमा परिएछ । नेपालको पुरानो बसपाकबाट सहिदगेट, नयाँ सडक वीर अस्पतालबाट रत्नपार्क पुगे झै केसिंगटन पहाडको पश्चिम भागबाट उत्तर हुँदै पूर्वी क्षेत्रमा पुगे झै भयो । पछि भने नेपालको राजदूतावासबाट सिधै अघि बढ्दा पहिला बस चढ्को नजिक आइएछ । वास्तवमा केसिडटन दरवार पनि भव्य रहेछ । धाँसे चौर, जंगल र पोखरीको श्रृगार सजावट आनन्द दायक मान्नै पर्छ । यहाँका मानिसहरु चौरको खुल्ला ठाउँमा गुन्द्री ओछ्याएर घाममा लोभ लाग्दो पाराले बस्दा रहेछन् । पोखरीमा सेता हाँसहरुले पौडी खेलेको वरिपरि हजारौ परेवाहरुलाई चारो पनि पाउरोटी झोलाका झोला खुवाएको खुवै आनन्ददायक थियो । केही छिन यी दृश्यहको अवलोकन गरेर रमायौ । फोटो खिचेर छुट्टै मज्जा लुटियो । चौरको वीच भागमा बनाइएको कालो पत्रे बाटोबाट पारगर्दै जंगल र वरिपरिको मानवीय लिललाहरुको अवलोकन गर्दै चौरको पल्लो किनारामा निस्कन पुगियो । किनारामा पसल छ । तीन चारवटा बाटोको मिलन विन्दु पनि त्यही छ । अलिक अगाडी बजारको मूल सडक भेटिन्छ । देब्रे पट्टि किनारामा पिसाबघर रहेछ । अघि देखि कै चाहना/काठमाण्डौ जस्तो पेसाव गर्दा निरिह पैसा माग्ने मानिसको तैनाथी छैन । भित्र पुगेर पिसाब गर्न नपाउँदै यन्त्र चलित धाराले पखालि हाल्छ । कपुर र रिफ्रेसरले धेरै समय पिसाब घरमा बसे पनि फरक पर्दैन । हात धुन खुस्वुभरा साबुन पाइन्छ । हात धोयो । हात सुकाउने गरम हावादर पंखा चलेर हाल एकै छिनमा सुकाइ दिन्छ । ढोका आफै खुल्ने बन्द हुने व्यवस्था छ । साँची नै विकास मुलुकमा विकासका संयन्त्रहरुले विकासमा उत्तिकै साथ दिएका हुँदा रहेछन् ।



क्रमशः

## अरबौंको...

लाख मेट्रिक टन धान उत्पादन हुन्छ । गत वर्ष ४२ लाख मेट्रिक टन मात्र धान उत्पादन भएको थियो । धान नेपालको प्रमुख खाद्यान्न बाली हो । नेपालीको अनिवार्य दुई छाक भात खाने बानी छ । दिउँसोको खाजा पनि भरसक भातै खोज्छन् नेपाली । रोटी खाने बानी प्रायः नेपालीको छैन । त्यसैले धानको खपत ६० लाख मेट्रिक टन पुगेको हो । नेपालमा उत्पादित धानले मागलाई धान्दैन । गहुँको खपत भने १० लाख मेट्रिक टन मात्र छ । नेपालीको भाते संस्कृतिका कारण बर्सेनि १९ अर्बको खाद्यान्न आयात हुने गरेको छ ।

नेपालमा मकैको उत्पादन २३ लाख मेट्रिक टन छ । जबकि नेपालीको आवश्यकता ३५ लाख मेट्रिक टन हो । स्थानीय जातको मकै उत्पादन लगभग हुन छोडेको छ । वर्णशंकर जातका बीउबाट उत्पादित मकै गाई, भैंसी र कुखुराको दाना बनाउन खपत हुने गरेको छ । आम नेपालीमा मकैको पिठो खानेबानी हराउँदै गएको छ । मधुमेहका बिरामी बढेसँगै मकैको माग पनि बढ्दो छ । रोगी भएपछि बाध्यताले खान्छन् नेपालीहरु मकैको च्याँख्ला र पिठो । नत्र चामलकै भातको स्वाद लिन चाहन्छन् । सुगर रोगीका लागि मकैको विकल्प उसिना चामल उपलब्ध भएकाले चामलको आयतमा कमी आएको छैन ।

धान, मकै, गहुँ, जौ, कोदो, फापर नेपालीको प्रमुख खाद्यान्न बालीमा पर्छन् । कोदोको उत्पादन वर्षैपिच्छे घट्दो छ । फापर त्यतिसारो किसानले लगाउनै छोडेका छन् । कोदोको माग उत्पादनले पूरा गर्न नसकेका कारण भारतबाट करोडौंको कोदो आयात भइरहेको छ । आव ०७२।७३ मा कोदोको उत्पादन ३ लाख २३ हजार ९७ मेट्रिक टनमा सीमित हुन पुग्यो । जबकि आव ०७१।७२ मा ३ लाख ८४ हजार ८८ मेट्रिक टन थियो । सरकारले आव ०७५।७६ को बजेटमार्फत आगामी पाँच वर्षमा कृषिको परनिर्भरता हटाउन उत्पादन दोब्बरले वृद्धि गर्ने बताएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पकेट, ब्लक जोन र सुपरजोनमार्फत क्षेत्र पहिचान गरी उत्पादन वृद्धि गर्ने लक्ष्य लिएको छ । सो कार्यक्रम २०७३ साउनदेखि सुरु भई २०८२ साल असारसम्म सञ्चालन हुने भएको छ । १० वर्ष सो कार्यक्रम अवधिभर कुल १ खर्ब ३० अर्ब ७४ करोड २० लाख खर्च गरिँदैछ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू गर्दा नेपालको कुल खेतीयोग्य जमिनमध्ये २ करोड ६० लाख रोपनी जमिन बाँझो छ । युवाहरु वैदेशिक रोजगारीमा जान्छन् खेती वृद्धवृद्धाले गर्न सक्ने कुरा भएन । सरकारी तथ्यांकअनुसार खेतीयोग्य भनिएको जमिन ३० लाख ९१ ह्जार हेक्टर अर्थात् ६ करोड १८ लाख २० हजार रोपनी हो । खेतीयोग्य जमिन कति खण्डीकरण घडेरीमा टुक्रिए भन्ने तथ्यांक सरकारसँग छैन । पछिल्लो समय खेतीयोग्य जमिन घडेरीमा रुपान्तरण हुँदै गएको छ । कृषि ऋृण सर्वसुलभ छैन । सरकारले ५ प्रतिशतमा कृषि ऋृणको ब्याजदर तोकेको छ । कुल कर्जाको १० प्रतिशत कृषि क्षेत्रमा लगानी गर्नुपर्ने नेपाल राष्ट्र बैंकको नीतिलाई वित्तीय संस्थाले लागू गरेका छैनन् । कृषि मजदुर, भूमिहीन र सिमान्तकृत, मझौला र कृषि क्षेत्रमा संलग्न किसानको हातमा जमिन छैन । १ लाख १६ हजार व्यक्तिले आफ्नो जमिन नभएकाले खेती गर्न नपाएको छैठौं कृषि गणना २०६८ मा उल्लेख छ । गणनामा ७१ प्रतिशत जनता पूर्णकालीन कृषक रहेकोमा ८३ प्रतिशत जनता कृषि पेसामा आत्मनिर्भर रहेको देखाइएको छ । ४२ प्रतिशत कृषकले कृषिका लागि ऋृण नपाएको बताइएको छ । कृषिप्रधान देश नेपालमा प्रतिमहिना ५० करोड रुपैयाँ बढीका खाद्यवस्तु आयात हुँदै आएको छ । माछा, मासु, तरकारी, फलफूल, चामल, पिठो गरी बर्सेनि १९ अर्बको खाद्यान्न आयात हुने गरेको छ ।

## आउँदैन समृद्धि...

ल्याउने व्यवस्था हो । चीनबाट आयातित हुने व्यवस्था हुँदै होइन ।

कोदारी राजमार्ग भएर चीनबाट साम्यवाद कहिल्यै आएन । न त केरुङ हुँदै काठमाडौं आउने भनिएको चिनियाँ रेलबाट नेपालका लागि समृद्धि आउँछ । पारवहन सम्झौताको प्रोटोकलमा हस्ताक्षर गर्न चुकेका ओलीले देखाएको चिनियाँ रेलको सपना पूरा हुन दशक त लाग्छ नै त्यसमा पनि चीनसँगको कूटनीतिक सम्बन्धमा कतै दरार आएन भने । भारतले पनि रक्सौल-काठमाडौं रेलमार्ग अनुदानमा बनाइदिने भनेको छ । भारतले जहिले पनि नेपालका विकास योजना/परियोजना निर्माण गरिदिने भन्छ तर काम गर्दैन । अरुण तेस्रो ओगटेको वर्षौंपछि बल्ल शिलान्यास भएको छ । पूर्वपश्चिम हुलाकी मार्गको गति त्यही छ । प्रहरी प्रतिष्ठान प्रतिक्षा पनि लामो रह्यो । अझ भारतले काठमाडौं-निजगढ द्रूतमार्गमा आँखा गाडिरहेकै छ । भलै त्यो अहिले सेनाले निर्माण गरिरहेको छ । भारत नेपालको विकास होस् भन्ने कहिल्यै चाहँदैन । भारतीय रेलबाट भारतीय सरसामान नेपाल सहज तरिकाले आउने छन् । तर नेपालले रेलबाट भारत र चीनका बजारमा के पठाउँछ ? भारतले अलैंची, अम्लिसो मात्र होइन नेपाली गोलभैंडा समेत भारत छिर्न दिएको छैन । भर्खर मात्र अदुवामाथिको प्रतिबन्ध हटाएको छ ।

नेपाल भारतको एकलौटी बजार बनेको छ । सवारी साधन, तिनका मेसिनरी पार्टपुर्जा, पेट्रोल डिजेल, ग्यास मट्टितेलमा त भारत निर्विकल्प नै छ । चीनसँग तेल खरिद गर्न नेपाल सरकारले अभिरुचि कहिल्यै देखाएको छैन । मेक्सीको पछिद्ध भारतीय सवारी साधन बिक्री हुने दोस्रो देश नेपाल हो । सवारी साधन तिनका मेसिनरी पार्टपुर्जा र इनधनमा नेपालले बर्सेनि खरबौं रुपैयाँ भारत पठाइरहेको छ । भारतसँगको व्यापारघाटा कहालिलाग्दो छ । व्यापारघाटा न्यूनीकरण गर्नेबारे नेपालले कुनै पहल गर्न सकेको छैन । चीनसँगको व्यापारमा पनि नेपालले घाटा नै व्यहोरिरहेको छ । नेपालले कहिलेसम्म घाटाको व्यापार गरिरहने ? रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको छ । यदि नेपाली युवाहरुले विदेशमा पसिना बगाएर रेमिट्यान्स नपठाउने हो भने देशमा आर्थिक संकटकालको स्थिति उत्पन्न हुन्छ । चालीस वर्षकै अवधिमा चीनले यति आर्थिक विकास गऱ्यो कि जसले अमेरिकालाई पछि पार्न खोज्दैछ । भारतले पनि तीव्र गतिमा आर्थिक विकास गरिरहेको छ । तर नेपालले भने आर्थिक विकासको लिक समेत समात्न सकेको छैन । राणाहरुले विकास गरेनन् भनियो त्यसपछि राजाहरुलाई दोष दिइयो २०४६ सालपछि निरन्तर राजनीतिक दलहरु सत्तामा छन् । पूर्वराजा ज्ञानेन्द्रको 'कु' अवधिबाहेक । तर नेपाल निरन्तर विकास सूचकांकमा तल झरिरहेको छ । घरघरमा ग्यासको पाइपलाइन भन्ने प्रधानमन्त्री ओली पानीजहाज र रेलको सपनामा मख्ख छन् । तर देशको आर्थिक अवस्थाको चित्र भने विभत्स बन्दै गइरहेको छ ।

संघीयतालाई विकासको राम वाणको रुपमा प्रचार गरिँदैछ । मर्निङ सोज द डे भनेझैं संघीयता विकासकै लागि गलगाँडका रुपमा देखा परिसकेको छ । सांसद विकास कोषको दुरुपयोग भयो । यो रोकियोस् भनेर जनस्तरबाट आवाज बुलन्द भयो । तर प्रधानमन्त्री ओली टसमस भएनन् । आर्थिक बजेटमा फेरि यसलाई निरन्तरता दिइयो । केन्द्र सरकारको देखासिकी प्रदेश सरकारले गर्ने नै भए । प्रदेश सरकारहरुले पनि सांसदहरुका लागि कोषको व्यवस्था धमाधम गरिरहेका छन् । सांसदहरु देश विकासमा भन्दा बढी आफ्नै वृत्ति विकासमा केन्द्रित देखिन्छन् । निर्वाचनताका जनतासँग गरेका वाचाहरु उनीहरुले बिर्सिंदैछन् । जनता त उनीहरुका लागि सत्ता चढ्ने भऱ्याङ मात्र भएका छन् । हुम्ला, मुगु, डोल्पा जस्ता दूरदराजका जनताले चामल, नुन त कुरा छोडौं बिरामी हुँदा सिटामोल समेत खान पाएका छैनन् । तर सर्वहारा वर्गका नेता भनिएका नेकपाका अध्यक्ष प्रचण्ड आफ्नी छोरीलाई १५ करोडको घर किनिदिन्छन् । प्रचण्ड ठेकेदार शारदा अधिकारीको घरमा भाडामा बस्छन् भनेर कसरी जनताले पत्याउने ? अनि दशक अगाडि कलंकीमा दुईवटा पुराना कम्प्युटर राखेर डेस्कटप चलाउने शारदा अधिकारीले अहिले अरबौंमा खेल्ने हैसियत कसरी बनाए ? माओवादी जनयुद्ध थिएन धनयुद्ध थियो भन्ने शारदा एक उदाहरण काफी छन् ।

कृषिप्रधान नेपालले चामल र कोदो समेत भारतबाट खरिद गरिरहेको लज्जास्पद अवस्था छ । खोकनाका तोरी मिलले तेस्रो देशका तोरी पिस्दैछन् । सिमेन्ट, कुखुरा र माछामा नेपाल आत्मनिर्भर भए पनि भारतबाट आयात भइरहनु आश्चर्यजनक छ । नेपाली कृषि उत्पादनलाई भारतले छिर्न दिँदैन । उसले भने फर्मालिन दलेका कुहिएका माछा नेपाल पठाएर नेपाली कृषि उद्यमीलाई हतोत्साहित बनाइरहेको छ । सरकार यस्ता विषयमा बेखबर छ । जबसम्म हामीले आफ्नो उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री प्रबर्द्धन गर्न सक्दैनौं, उत्पादन वृद्धि गर्दैनौं, समृद्ध नेपाल कहिल्यै हुनेवाला छैन । आधुनिक कृषि प्रणालीको विकास, उद्योगधन्दाहरुको स्थापना, भ्रष्टाचारमुक्त सुशासनबिना समृद्धि चिनियाँ तथा भारतीय रेलबाट नेपाल आउँदैन ।

## नारायणीमा...

दुवैको सहमतिमा हुनुपर्ने सम्झौता भए पनि भारतले एकतर्फी रुपमा काम गरिरहेको छ । नदीले पुरानो बहने धार बदलिएका कारण भारतले धमाधम बाँध कसिरहेको छ । नारायणी नदीमा आएको बहावले नेपाली भूभागतर्फका ठोकरहरु भत्किएर गाउँमा पानी पसेमा नवलपरासीका एकदर्जन गाउँपालिका जलमग्न हुने खतरा बढेको छ ।

## जीवन शर्मालाई...

भूमिका निर्वाह गरेका छन् । जनजीविकाको सवाल र राष्ट्रियताको सवालमा शर्माले पुऱ्याएको योगदानको कदर गर्दै ग्रेटर नेपाल साप्ताहिकले असार ३० गते ग्रेटर नेपाल सम्मानसहित रु. १० हजारको नगद पुरस्कार उनलाई प्रदान गरिने भएको छ ।